मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति'को कमाल
त्रिशक्ति ट्रेक्टर



## उपनिर्वाचनमा पाँचबुदे आचारसंहिता

- *आचारसंहिता उल्लंघन गर्ने पक्राउ पर्न सक्ने*
- *मौन अवधिमा चलखेल गर्नेको सुक्ष्म अनुगमन*
- *७२ घण्टा बारा र भारतको सीमानाका बन्द*
- *मतगणना नभएसम्म प्रचारप्रसार निषेध*




**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**
निर्वाचन आयोगले वैशाख १० गते आइतबार हुने उपनिर्वाचनको पूर्वसन्ध्यामा आचारसंहिताविपरीत गतिविधिमा कडाइका साथ अनुगमन र निगरानी गर्न सरोकारवालालाई पाँचबुँदे निर्देशन दिएको छ। आयोगका सहायक प्रवक्ता गुरुप्रसाद वाग्लेले जारी गरेको विज्ञप्तिमा आचारसंहिता विपरीत गतिविधि गर्नेलाई पक्राउ गरी मतदान नसकिएसम्म नछाड्न भनिएको छ।

आयोगले उपनिर्वाचनको मौन अवधिमा हुनसक्ने चलखेल नियन्त्रण गर्न विशेष संयन्त्रमार्फत सुक्ष्म अनुगमन गरिरहेको जनाएको छ। वैशाख १० गते आइतबार भन्दा ४८ घण्टा अघिदेखि मतगणनाको काम सम्पन्न नभएसम्म प्रचारप्रसार निषेधसहित मौन अवधि लागू भइसकेको छ। विज्ञप्तिमा निर्वाचन आचारसंहिताअनुसार जिल्लाका कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुखलाई निर्वाचन आचारसंहिता अनुगमन अधिकृत तोकिएको पनि उल्लेख छ। उपनिर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न आयोगले सम्बन्धित निकायलाई पाँचबुँदे निर्देशन जारी गरेको जनाएको छ। आउँदो आइतबार चितवन निर्वाचन क्षेत्र नम्बर २, तनहुँ-१ र बारा-२ मा उपचुनाव हुँदैछ।

यसैबीच वैशाख १० गते बारा क्षेत्र नम्बर २ मा हुन गइरहेको उपनिर्वाचनलाई मध्यनजर गरी भारतसँग जोडिएको बारा जिल्लाका सीमानाका तीन दिन बन्द गरिने भएको छ। शुक्रबार राति १२ बजेदेखि वैशाख १० गते आइतबार राति १२ बजेसम्म जिल्लाका नेपाल-भारत सीमाना बन्द हुने जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ।

## केन्द्र सरकारसँग स्थानीय सरकारको हाकाहाकी सम्वाद

*'वीरगंज २४ सै घण्टा खुला होस्, भन्सार राजस्वको निश्चित रकम महानगरलाई व्यवस्था होस्, तीन सय शिक्षक आवश्यक भएकाले बजेट व्यवस्था होस्, आर्थिक नगरीमा पूर्वाधार विकासका लागि बजेट उपलब्ध होस्'*

**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**
वीरगंज महानगर अर्थात् देशका ६ महानगरमध्ये एक । यसको नेतृत्वमा छन् राजेशमान सिंह । सिंहको एकवर्षे कार्यकाल पुग्नै लाग्दा उनले गरेका कयौँ कामले देशभर चर्चा हुने गरेको छ। यद्यपि काठमाडौँ महानगर प्रमुख बालेन साह र धरान उपमहानगर प्रमुख हर्क साम्पाङजसरी वीरगंज महानगर प्रमुख समाचारमा खपत हुन चाहने पात्रभित्र पर्दैनन् । लुरुलुरु काम गर्ने परिपाटी छ सिंहको । तर उनले जे गरिरहेका छन्, त्यो भने पक्कै जनताका लागि गरिरहेको देखिन्छ, वीरगंजको हितकै लागि गरेको देखिन्छ।



बिहीबार मात्रै गृहजिल्लाका मन्त्रीलाई सम्मान गरेर तीन प्रस्ताव राखेका महानगर प्रमुखले शुक्रबार सरकारका प्रभावशाली मन्त्री अर्थात् अर्थमन्त्रीलाई पनि वीरगंजको हितका लागि आधा दर्जन भन्दा बढी प्रस्ताव हाकाहाकी गरेर निडर र जनप्रिय मेयरको परिचय दिएका छन् । उनले वीरगंजको हितका लागि गरेको कयौँ प्रस्ताव सरकारले सोच्न बाध्य हुने खालका छन् ।

शुक्रबार वीरगंजका मेयर सिंहले वीरगंज भन्सारबाट उठ्ने भन्सार राजश्वको निश्चित प्रतिशत रकम वीरगंज महानगरपालिकालाई उपलब्ध गराउन सरकारसँग माग गरे । अर्थमन्त्रालयमा आयोजित अन्तरसरकारी वित्तीय हस्तान्तरणका लागि परामर्श तथा समन्वय कार्यक्रममा मेयर सिंहले अर्थमन्त्री डा. प्रकाशशरण महतसँग वीरगंज नाकाबाट उठ्ने भन्सार राजश्वको निश्चित प्रतिशत वीरगंज महानगरलाई उपलब्ध गराउन आग्रह गरेका हुन् । अर्थमन्त्री महतलाई वीरगंज महानगरबारे जानकारी गराउँदै मेयर सिंहले भने, 'देशको कुल राजश्व संकलनमा वीरगंजको योगदान आधाभन्दा बढी भए पनि केन्द्र सरकारबाट वीरगंज सधैँ उपेक्षामा पर्दै आएको छ, अब त्यस्तो नहोस् भन्न चाहन्छौँ ।' वीरगंज नाकाबाट संकलन हुने राजश्व अन्य पालिकासरह बाँडफाँड हुने अवस्थाले वीरगंजलाई घाटा मात्रै भएको उनले बताए । त्यसैले प्रभावित क्षेत्रको आधारमा वीरगंज भन्सार लगायतका कार्यालयबाट संकलित राजश्वको निश्चित प्रतिशत रकम वीरगंज महानगरले पाउनुपर्ने तर्क राखे मेयर सिंहले । वीरगंजलाई देशकै आर्थिक राजधानी भनिँदै आएको भए पनि त्यसअनुसारको पूर्वाधार र सेवासुविधा राज्यबाट नपाएकाले वास्तविक रुपमै आर्थिक राजधानी बन्ने गरी वीरगंजको पूर्वाधार विकासमा जोड दिन पनि उनले अनुरोध गरे । यसका साथै मेयर सिंहले संस्थागत घरबहाल कर आन्तरिक राजश्व कार्यालयले उठाउने काम बन्द गर्नुपर्ने, मालपोत रजिष्ट्रेसन शुल्क मासिक रुपमा दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने, आन्तरिक आय ठेक्का व्यवस्थापनका लागि नमूना कानुन निर्माण गर्न माग पनि गरे ।

शिक्षा मन्त्रालयले वीरगंजका लागि थप तीन सय शिक्षक आवश्यक रहेको प्रतिवेदन दिएकाले त्यसअनुसारको नियुक्तिका लागि बजेट व्यवस्थापन गरिदिन र आर्थिक अवस्था चलायमान बनाउन वीरगंज नाका २४ सै घण्टा खुला राख्ने व्यवस्था मिलाइदिन पनि उनले अर्थमन्त्री महतसँग अनुरोध गरे ।

## 'प्रेम होस् त कैलाश महतोको जस्तो'

*प्रेमी हत्या आरोपमा कैलाश भारतबाट पक्राउ परेर बारा आइपुगेका छन् । उनको प्रेम अटल र कञ्चन थियो र त पत्नीका लागि हरेक अपराधमा पनि साथ दिँदा जेल पुगेका छन् ।*

**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**
प्रेम होस् त यस्तो, कैलाश महतोको जस्तो । बारामा यस्तै चर्चा भइरहेको छ। आफ्नै पत्नी प्रेमीसँग डेरा लिएर बसेको थाहा पाउँदा पनि पत्नीलाई साथ दिने कैलाश महतो पक्राउ परेका छन्। उनीसँगै उनका पत्नी पनि पक्राउ परेका छन्।

पत्नी अरुसँग डेरामा बस्दा पनि पनि साथ दिने कैलाशले के मात्र गरेनन्, सुरुमा पत्नीलाई उनका प्रेमीसँग विवाह गर्न दबाब दिए । नमानेपछि उनै पत्नीसँग मिलेर पत्नीको प्रेमीको हत्या गरे ।

त्यसपछि पत्नीलाई लिएर भागेर भारत पुगे । अहिले दुवै सँगै पक्राउ परेका छन्।

पत्नीको प्रेमी हत्या आरोपमा कैलाश भारतबाट पक्राउ परेर बारा आइपुगेका छन् । उनको प्रेम अटल र कञ्चन थियो र त पत्नीका लागि हरेक अपराधमा पनि साथ दिँदा जेल पुगेका छन् । पत्नीको प्रेमी हत्याको साढे चार महिनापछि प्रहरीले भारतको केरलामा लुकिछिपी बस्दै आएका वीरगंज महानगरपालिका वडा नम्बर १५ भिस्वाका २० वर्षीया रोशनी भनिने हीरादेवी र उनका पति २४ वर्षीय रामु भनिने कैलाश महतोलाई पक्राउ गरेको छ। दुवैले मिलेर बाराकै जितपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ८ राजापुरका महेश साहको मंसिर २७ गते हत्या गरेका थिए । प्रहरीका अनुसार, रोशनी र उनका प्रेमी महेश कोठा भाडामा लिएर केही महिनादेखि सँगै बस्दै आएका थिए। यो कुरा रोशनीका पति कैलाशले थाहा पाएपछि रोशनीले आफूसँग विहे गर्न प्रेमी महेशलाई दबाब दिएकी थिइन् । तर महेश र उनको परिवारले नमानेपछि रोशनी र उनका पति कैलाशले हत्या गर्ने योजना बनाएर इटियाहीमा बोलाएर हत्या गरी दुवै जना फरार भएको अनुसन्धानमा खुलेको बाराका प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बताए । हत्यापछि फरार रोशनी र श्रीमान् कैलाशको खोजतलाश गर्नेक्रममा भारतको दिल्ली हुँदै केरला गएर लुकिछिपी बसेको सूचना बारा प्रहरीले प्राप्त गरेको थियो । त्यसपछि केरलामा भारतीय प्रहरीको सहयोगमा दुवैलाई वैशाख ६ गते पक्राउ गरी नेपाल ल्याइएको प्रहरी उपरीक्षक बोगटीले बताए । दुवैलाई जिल्ला अदालतबाट ७ दिनको म्याद अनुमति लिइ अनुसन्धान भइरहेको बोगटीले जानकारी दिए।



## तनावग्रस्त मिर्चैया, प्रदर्शन जारी



**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
सिरहाको मिर्चैयामा स्थानीयले शुक्रबार पनि प्रदर्शनसँगै चक्काजाम गरे ।

मिर्चैयाका नगर प्रमुख श्रवणकुमार यादवले आफूहरूमाथि ज्यादती गरेको भन्दै स्थानीय निरन्तर आन्दोलनमा छन् । यसैक्रममा शुक्रबार सर्वदलीय सर्वपक्षीय संयुक्त संघर्ष समितिको आह्वानमा बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म बजार बन्द गर्नुका साथै एक घण्टा राजमार्गमा चक्काजाम गरिएको छ।

बिहीबार नगर प्रमुख यादवविरुद्ध भएको शान्तिपूर्ण प्रदर्शनक्रममा प्रहरीले स्थानीयलाई कुटपिट गर्नुका साथै हवाई फायर तथा अश्रुग्यास प्रहार गरी दमन गरेको आरोप लगाउँदै उनीहरूले शुक्रबार बजार बन्द र चक्काजाम गरे। बजारमा निस्किएको विरोध जुलुसले नगरका विभिन्न स्थानको परिक्रमा गर्दै मिर्चैयाको कटारी चोकमा पुगेर चक्काजाम गरेको थियो । त्यसक्रममा उनीहरूले टायर बालेर प्रदर्शन गरे ।

चक्काजामसँगै गरिएको कोणसभामा आन्दोलनका नेतृत्वकर्ताले प्रहरीले अत्यधिक बल प्रयोग गरेको भन्दै मिर्चैया इलाका प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक हरिकृष्ण केसीलाई कारबाही गर्न माग गरे ।

उनीहरूले नगर प्रमुख यादवले बजार क्षेत्रका घर भत्काएर गैरकानुनी काम गरेको, मिर्चैयामा आतंक मच्चाएको, जनताको मौलिक अधिकार खोसेको, मनोमानी किसिमले नगरपालिका चलाएको, भ्रष्टाचार गरेको, सार्वजनिक पोखरीको जग्गा व्यक्तिका नाममा कित्ताकाट गर्न लगाएकोलगायत आरोप लगाएका छन् । कोणसभामा आन्दोलनका नेतृत्वकर्ता अञ्जय साह, हरिकिशोर महतो, धनेश्वर यादव, खगेश्वर यादव, जीवछ यादवलगायतले सम्बोधन गरेका थिए।

यसअघि, बिहीबार नगरपालिका घेराउ गर्न पुगेका स्थानीय र प्रहरीबीच झडप भएको थियो। झडपमा केही प्रदर्शनकारी र प्रहरी घाइते भएका थिए । माघ २७, फागुन ११ र फागुन १९ गतेका दिन नगरपालिकाले बजार क्षेत्रका करिब तीन दर्जन घर तोडफोड गरी हटाइदिएको थियो। यही घटनालाई लिएर स्थानीयले आफूहरूमाथि नगरपालिकाले ज्यादती गरेको भन्दै विरोध प्रदर्शन गर्दै आएका छन् । उनीहरूले जग्गाको लालपुर्जा दिनुपर्ने, क्षतिपूर्ति दिनुपर्ने, आफूहरूमाथि ज्यादती भएकाले छानबिन गरी न्याय दिनुपर्नेलगायतका माग गर्दै आएका छन्।

# आदिवासी जनजाति आयोगले बुझायो आफ्नो प्रतिवेदन

**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्रसमक्ष आदिवासी जनजाति आयोगले आफ्नो तेस्रो वार्षिक प्रतिवेदन पेश गरेको छ ।

आयोगका सदस्य शरण राईले नेपालको संविधानको धारा २९४ बमोजिम आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन गरिएको तेस्रो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख मिश्रसमक्ष शुक्रवार पेश गरेका हुन् । प्रतिवेदन पेश गर्दै आयोगका सदस्य राईले आदिवासी जनजाति समुदायको इतिहास र संस्कृतिको पहिचान गर्दै उनीहरूको हकहित र अधिकारको संरक्षण, संवर्द्धन तथा सशक्तीकरण गर्न आयोग लागि परेको बताए ।




उनले आदिवासी जनजाति समुदायको हकहितको संरक्षण, संवर्द्धन र सशक्तीकरणका लागि विभिन्न आवश्यक अभियानका लागि आफूहरु लागिपरेको बताउँदै यस्ता अभियानमा प्रदेश प्रमुखबाट अभिभावकीय सहयोग तथा समन्वयको भूमिका पाउने अपेक्षा राखेको बताए । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख मिश्रले नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था भए बमोजिम आयोगको काम, कर्तव्य र अधिकार बमोजिम आयोग अघि बढनेमा विश्वास व्यक्त गरे । संवैधानिक प्रावधान बमोजिम आयोगले निरन्तर आफ्नो वार्षिक प्रतिवेदन पेश गर्दै आइरहेकोमा खुशी व्यक्त गर्दै प्रमुख मिश्रले आदिवासी जनजातिका हकअधिकारको संरक्षण तथा उनीहरुको सशक्तीकरण गर्न आवश्यक योजनाका साथ अघि बढ्न आयोगलाई सुझाव दिएको प्रदेश प्रमुखको कार्यालयका सचिव राजेन्द्र पराजुलीले बताए ।

# प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तिप्रति तमलोपाको आपत्ति



**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
बारामा आयोजित वृहत चुनावी सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नागरिकता विधेयक सम्बन्धी दिएको अभिव्यक्तीप्रति तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले आपत्ति जनाएको छ ।

बिहीबार बारा-२ मा पाँचदलीय गठबन्धनले आयोजना गरेको चुनावी आमसभामा नागरिकता सम्बन्धी नयाँ विधेयक ल्याइने र छिट्टै पास गराएर नागरिकता समस्या समाधान गर्ने प्रधानमन्त्री प्रचण्डको अभिव्यक्तीप्रति तमलोपाले फेरी नागरिकतामा बखेडा गर्न खोजिएको भन्दै आपत्ति जनाएको हो ।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले राष्ट्रपति कार्यालय दूईटै सदनबाट पारित भइसकेको अवस्थामा अब फेरि नयाँ विधेयक ल्याएर प्रमाणीकरण गराउनु भनेको तत्कालिन राष्ट्रपतिले गरेको संविधान उल्लंघनलाई मान्यता दिनु रहेको भनी आपति जनाएका हुनू ।

उनले भने संवैधानिक व्यवस्थालाई बेवास्ता गर्नु लगायतका कुरालाई सरकारबाटै सदर गराउनु भनेको भविष्यमा लोकतन्त्रमाथि ठूलो खतरा उत्पन्न गर्नेछ । उनले भने, 'राष्ट्रपतिको पद संविधानभन्दा पनि माथि भएको स्थापित हुनेछ । निरंकूश राजतन्त्रमा शक्तिको स्रोत राजा भएजस्तै राष्ट्रपतिले गर्न थालेपछि लोकतन्त्र समाप्त हुन बेर लाग्ने छैन ।'

वर्तमान संविधानले राष्ट्रपतिलाई यस्तो अधिकार नदिएको बताउँदै लालले यो पारित विधेयक जनताको हातबाट खोस्ने षडयन्त्र भएको आरोप लगाए । यो विधेयक वर्तमान राष्ट्रपतिको कार्यालयमा रहेको र सोको यथाशिघ्र प्रमाणिकरण गर्नुपर्ने बताउँदै उनले यसबारे तमलोपाले ज्ञापनपत्र मार्फत पहिले नै प्रधानमन्त्रीको ध्यानाकर्षण गराइसकेको अवस्थामा फेरी नयाँ विधेयकको कुरा गर्नु भनेको नागरिकताविहिनलाई पुनः अल्झाउने खेल रहेको दाबी गरे ।

सार्वभौम जनताको सर्वोच्च प्रतिनिधि संघीय संसदको अधिकार र मर्यादा कायम गर्नु अहिलेको सबभन्दा जरूरी काम भएकोले संसदमा प्रतिनिधित्व गर्ने पार्टी र सांसदहरू यसबारे आवाज उठाउनुपर्ने, राष्ट्रपति कार्यालयमा थन्किएका नागरिकता विधेयकलाई प्रमाणीकरण गराउनुपर्नेमा जोड दिनुपर्ने आवश्यकता रहेको उनको भनाईछ ।

# मन्त्री यादवको कार्यप्रगति : दाउरा वितरणदेखि मन्दिर र धर्मशाला शिलान्यास



**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
मधेश प्रदेशका उद्योग, पर्यटन तथा वन मन्त्रालयले चालु आर्थिक वर्ष २०७९/०८० को गरेको कार्यप्रगति विवरण सार्वजनिक गरेको छ ।

मन्त्रालयका मन्त्री सुनिता यादवले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी आफ्नो कार्यकालको ७३ दिनमा गरिएको दाउरा वितरणदेखि मन्दिर र धर्मशाला शिलान्याससम्मको प्रगति विवरण सार्वजनिक गरेकी हुन् । मन्त्री यादवले २१ बुँदे कार्यप्रगति विवरण सार्वजनिक गर्दै गर्न बाँकी रहेका कामहरु पनि क्रमशः पूरा गर्ने प्रतिबद्धता समेत जनाएकी छिन् । प्रदेशका ८ वटै जिल्लाका वन क्षेत्रभित्र वर्षौंदेखि ढलेका रुखहरु (काठ/दाउरा) संकलन गरी सुरक्षित स्थानमा घाटगद्दि गरी काठ दाउरा आपूर्ति व्यवस्थापनको कार्य सुरु गराएको प्रमुख गरेको मन्त्री यादवले बताइन् । प्रदेशमा औद्योगिकीकरणको प्रक्रियालाई गतिशील र सुदृढ गर्दै परम्परागत सीप र प्रविधिको प्रवर्द्धन गर्नुका साथै व्यवसायिक जनशक्ति उत्पादन तथा रोजगारीका अवसरहरु सिर्जना गरी देशको आर्थिक विकासमा योगदान पुर्याउन नयाँ स्थापना भएको उद्योग विभाग, वीरगञ्जको कार्यविधि-२०७९ स्वीकृत गरी कार्य सञ्चालन गराइएको उनले जानकारी दिइन् । मन्त्री यादवले प्रदेश वन ऐन अनुसार प्रदेश सरकारले सर्वसाधारण जनताको हितलाई ध्यानमा राखी सहज सरल रुपमा काठ दाउरा आपूर्ति/बिक्री वितरण गर्न जिल्ला वन पैदावार आपूर्ति समितिका पदाधिकारी मनोनयन, वातावरण संरक्षण ऐन र नियमावली बमोजिम उद्योग क्षेत्रसँग सम्वन्धित संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसूची तथा वातावरणीय अध्ययन र परिक्षण प्रतिवेदनको स्वीकृत गर्ने अधिकार उद्योग विभाग, वीरगञ्जका महानिर्देशकलाई प्रत्यायोजन गरेर कार्य बढाइएको जानकारी दिईन ।

उनले आफूले पर्यटन प्रवर्द्धन गर्ने क्रममा ठूला योजना अन्तर्गतका मिथिला माध्यमिकी परिक्रमाको मटिहानी पडावस्थलमा धर्मशाला निर्माण कार्यको शिलान्यास र पर्यटकीय गन्तव्यस्थलको रुपमा रहेका कारिकबाबा (परौलस्थान) मा पोखरी सौन्दर्यीकरण तथा स्तरोन्नति, पोखरीको डिलमा चारैतिर रेलिङ्ग, लाईट, गोलघर निमार्ण कार्यको शिलान्यास गरी निर्माण कार्य शुरु गराएको बताए ।

मन्त्रालय तथा मातहतका कार्यालय र बिषयगत क्षेत्र उद्योग, पर्यटन तथा वनको छुट्टाछुट्टै कार्यालय प्रमुखहरुको सहभागितामा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रमको माध्यमबाट गुणस्तरीय काम सम्पन्न, सुझाव संकलन, शितलहरहरुबाट प्रभावित प्रदेशवासीहरुलाई स्थानीय तहमार्फत दाउरा निःशुल्क वितरण नेपाल सरकारबाट आवश्यक निर्णय र निर्देशन नभएसम्मका लागि वन क्षेत्र कायम रहेको जग्गा भूमि आयोगलाई जग्गा उपलब्ध गराउन नसकिने नीतिगत निर्णयसमेत आफूले नै गराएको उनले दाबी गरिन् ।

# भर्ना अभियानका लागि र्‍याली

**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**
पर्साको पटेर्वासुगौली गाउँपालिकास्थित गादीमाई आधारभूत विद्यालयले जनचेतनामूलक र्‍याली गरेको छ । 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा, सबैको अभियान' भन्ने मूलनारासहित र्‍याली गरिएको हो । पटेर्वासुगौली गाउँपालिका-३ पश्चिम देकुलीको आयोजना एवम् पटेर्वासुगौली गाउँपालिकाको सहयोग तथा वडा कार्यालयको समन्वयमा र्‍याली गरिएको हो ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले दिएको निर्देशनबमोजिम कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवले जानकारी दिए । पालिकाअन्तर्गतका २४ सामुदायिक विद्यालयका शिक्षक एवम् अभिभावकद्वारा सयुंक्तरुपले प्रत्येक एक दिन विभिन्न नारासहितको र्‍याली तथा घरदैलो कार्यक्रम गरिएको उनले बताए ।

# दलित मुक्तिको वडा कमिटी गठन

**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**
नेकपा माओवादी केन्द्रको जनवर्गीय सङ्गठन नेपाल दलित मुक्ति मोर्चाको ठोरी गाउँ कार्यसमिति गठन भएको छ । ठोरी गाउँपालिका वडा नम्बर ४ विशालचोकमा भएको भेलाले अध्यक्षमा गगन सुनारलाई सर्वसम्मत चयन गरेको छ । यस्तै, उपाध्यक्षमा विष्णु माया विश्वकर्मा, प्रेम बहादुर बिश्वकर्मा, रकि बिश्वकर्मा, सचिवमा वीर बहादुर गन्धर्व, सहसचिवमा सूर्य बहादुर बिश्वकर्मा, कोषाध्यक्षमा रीता विश्वकर्मालगायत ३९ सदस्यीय समिति गठन गरेको नेकपा माओवादी केन्द्र ठोरीका इन्चार्ज हरि सुनारले बताए । कार्यक्रममा नेकपा (माओवादी केन्द्र) ठोरीका अध्यक्ष सूर्य लामा, उपाध्यक्ष रोशन सुनुवार, ठोरी-४ वडाकमिटीका अध्यक्ष सागर लामा लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# कोरोनाले थप एकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट थप एकजनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शुक्राबार मात्रै थप १०६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

पछिल्लो २४ घण्टामा १ हजार ८८३ नमुनामध्ये ५८१ जनाको पीसीआर परीक्षण गर्दा ६४ जना र १ हजार ३०२ जनाको एन्टीजेन परीक्षण गर्दा ४२ जना गरी १०६ जनामा कोरोना संक्रमण देखिएको हो ।

यस्तै कोरोना संक्रिय संक्रमितको संख्या ४१४ पुगेको छ भने संस्थागत आईशोलेशनमा २५ जना, आईसीयूमा ७ जना र भेन्टिलेटरमा ३ जना उपचाररत छन् । संक्रमण दिनप्रतिदिन बढ्दै गएपछि स्वास्थ्य मन्त्रालयले कोरोनाविरुद्धको बुस्टर डोज लगाउन सबैमा आग्रह गरेको छ ।



# सर्लाहीमा दुई बालबालिकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही, ८ बैशाख ।**
छुट्टाछुट्टै घटनामा परी सर्लाहीमा दुई बालबालिकाको मृत्यु भएको छ ।

जिल्लाको ईश्वरपुर नगरपालिकामा करेन्ट लागेर एक बालक र चन्द्रनगर गाउँपालिकामा पोखरीमा डुबेर एक बालिकाको मृत्यु भएको हो ।

ईश्वरपुर नगरपालिका-१५ बस्ने श्याम दासका १२ वर्षीय छोरा आशिषकुमार दासको आफ्नै घरको पंखाामा रहेको तार छुँदा करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । करेन्ट लागेर घाइते बालकलाई गाउँकै एक क्लिनिकमा सामान्य उपचारपछि थप उपचारका लागि लालबन्दीस्थित मोडेल अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । त्यस्तै, चन्द्रनगर गाउँपालिका-२ बबरगञ्जमा नुहाउनेक्रममा पोखरीमा डुबेर मामाघर आएकी एक बालिकाको मृत्यु भएको छ। स्थानीय रामप्रसाद सिंह दनुवारको पोखरीमा डुबेर सर्लाहीकै गोडैता नगरपालिका-६ बगदह बस्ने अमरेश पटेलकी ११ वर्षीया छोरी गुञ्जन पटेलको मृत्यु भएको हो ।

# हेडसरकै मिलेमतोमा रकम हिनामिना

**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**
पर्साको पर्सागढी नगरपालिका-३ मा स्थित जनता माध्यमिक विद्यालय पकडिया बडनिहारमा भएको आर्थिक अनियमिततामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग मकवानपुरले चासो देखाएको छ । जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद चौधरी, सहायक प्रअ डिल्लिराम आचार्य र कार्यालय सहायक करार शिक्षक लेखापाल शिवनारायण चौधरीको नाममा मकवानपुरस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयले पर्सागढी नगरपालिका कार्यालयलाई पत्राचार गरेको छ । उनीहरुले विद्यालयको विभिन्न शीर्षकको रकम हिनामिना गरेको र सरकारी तलबभत्ता बाहेक विभिन्न बहानामा दोहोरो तलबभत्ता खाने गरेको उजुरी परेको छ । साथै प्राविधिक शिक्षातर्फ विधालय गुणस्तर सुधार कार्यक्रमअन्तर्गतको रकमसमेत प्रधानाध्यापक चौधरी र प्राविधिक शिक्षाका टेक्स संयोजक तपेश्वर प्रसाद यादवले मिलेमतोमा रकम हिनामिना गरेको उजुरीको आधारमा राय सुझावसहितको आवश्यक कागजात प्रमाणित प्रतिलिपिसहित ७ दिन भित्र पेस गर्न पत्राचार गरिएको हो । अख्तियारले नगरपालिकालाई पत्राचार गरेपछि पालिकाले विद्यालयलाई समेत पत्राचार गरिसकेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भईँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

# संसदीय समिति भागबण्डामा प्रधानमन्त्री प्रचण्ड र ओलीबीच कुरा मिलेन



**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
सत्तापक्ष र प्रमुख प्रतिपक्ष नेकपा एमालेबीच संसदीय समिति गठनमा भागबण्डा मिल्न सकेको छैन् । दुवै पक्षले गरेको आ-आफ्नो दावीबाट कोही पछि नहट्ने देखिएपछि समिति गठनमा विलम्ब हुनुका साथै सहमतिमा अघि बढ्न सकस देखिएको छ ।

संसदीय समिति गठनमा भागबण्डा बारे शुक्रबार बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भएको छलफल पनि विनानिष्कर्ष टुंगिएकोछ ।

सिंहदरवारमा भएको दुई नेताबीचको छलफलमा संसदीय सुनुवाई समितिमा एमालेबाट संसद संख्याका आधारमा चारजना सदस्य रहनुपर्ने अध्यक्ष ओलीले बताएका थिए भने प्रधानमन्त्री प्रचण्डले ३ जनाभन्दा बढी दिन नसकिने अडान राखेका थिए ।

'दुई नेताको बीचमा संसदीय समितिमा एमालेका संसद संख्याको हिसाबले चारजना सदस्य सहभागी हुनुपर्ने एमाले अध्यक्षले गरेको प्रस्तावमा प्रधानमन्त्री प्रचण्डले अस्वीकार गर्नुभएको छ', एमाले अध्यक्ष ओली निकट एक नेताले रातोपाटीलाई भने, 'विषयगत समितिमा पनि उहाँहरुले ३ वटाको सभापति भन्दा बढि दिन नसकिने पुरानै अडान राखेपछि छलफल सकारात्मक हुन नसकेको बुझियो ।'

संसदीय सुनुवाई समिति १५ सदस्यीय हुने व्यवस्था छ । यो समितिका सदस्यहरु दुवै सभाका सांसद सदस्य हुनेछन् । जसमा १२ जना प्रतिनिधिसभा र ३ जना राष्ट्रियसभाका सांसद सदस्य रहने व्यवस्था छ । त्यस्तै राज्यका निर्देशक सिद्वान्त र नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति पनि संयुक्त समिति भनेर चिनिन्छ । दुई संयुक्त र १० विषयगत (प्रतिनिधि सभाअन्तर्गतका) संसदीय समिति गठन गर्नुपर्ने हुन्छ ।

प्रधानमन्त्री प्रचण्ड र ओलीबीच भएको छलफलमा एमालेले विषयगत समितिमा पनि चारवटा समितिको सभापति आफुले पाउनुपर्ने अडान दोहोर्याएको छ । प्रचण्ड-ओली भेटवार्तापछि छलफलबारे सञ्चारकर्मीले राखेको जिज्ञासामा अध्यक्ष ओलीले समसामयिक विषयमा कुराकानी भएपनि सहमति जुट्न नसकेको प्रतिक्रिया दिए ।

प्रचण्डसँगको भेटपछि अध्यक्ष ओली एमाले संसदीय दलको कार्यालय पुगेर पार्टी संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङ र प्रमुख सचेतक पदम गिरी लगायतका नेताहरुलाई कुराकानीबारे ब्रिफिङ गरेका थिए । प्रधानमन्त्री प्रचण्ड र अध्यक्ष ओलीबीचको भेटवार्ताबारे सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै प्रमुख सचेतक गिरीले संसदीय समितिलाई छिटोभन्दा छिटो गठन गर्ने विषयमा दुई नेताका बीचमा कुराकानी भएको बताए । छलफल भएपनि कुनै निष्कर्ष भने ननिस्किएको ब्रिफिङ अध्यक्ष ओलीले आफूहरु समक्ष गरेको गिरीको भनाई छ ।

निर्वाचन सम्पन्न भएको लामो समय बितिसक्दा पनि दलहरुले संसदीय समितिहरु गठन गर्न सकेका छैनन् । यता सर्वोच्च अदालत लामो समयदेखि कामुका भरमा चलेकाले सहमतिकै आधारमा प्रधानन्यायाधीश नियुक्त गर्न प्रधानमन्त्रीले जोड लगाउँदै आएका छन् । तर प्रमुख प्रतिपक्ष एमाले संसदीय समितिहरुलाई पूर्णता दिएर मात्रै प्रधानन्नयाधीश नियुक्त गर्नुपर्ने पक्षमा उभिँदै आएको छ । त्यसका लागि एमालेले विषयगत समितिका चार सभापति र संयुक्त समितिमा पर्ने संसदीय सुनुवाई समितिमा चारजना सदस्य आफ्नो पार्टीबाट सहभागिताको सुनिश्चितता हुनुपर्ने बताउँदै आएको छ ।

# सहकारीमा तोडफोड ३ जेल चलान



**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
सहकारी संस्थामा तोडफोड घटनामा पक्राउ परेका ४ जनामध्ये ३ जना जेल चलान भएको आरोपमा जिल्ला प्रहरी कार्यालय मोरङले जानकारी दिएको छ ।

मोरङको ग्रामथान २ मा रहेको सौजन्य बचत तथा ऋण सहकारी संस्थाको डोका फोडेर सात लाख ७७ हजार चोरी गरेको आरोपमा ३ जना जेल चलान भएका हुन् । पक्राउ परेकामध्ये एक जना धरौटीमा रिहा भएका छन् ।

मोरङ जिल्ला अदालतको आदेश बमोजिम दिलिप कुमार चौधरी, इरज धामी र मिथुन पासवानलाई पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता रन्जनकुमार दाहालले जानकारी दिए ।

अदालतको आदेश बमोजिम मिथिलेश महतो भने दुई लाख धरौटीमा छुटेका छन् ।

# सामाजिक सुरक्षा कोषमा पत्रकार नसमेटिनु दुःखद : मन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
सामाजिक सुरक्षा कोषमा पत्रकार नसमेटिनु दुःखको कुरा रहेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताएकी छन् ।



नेपाल पत्रकार महासंघ प्रतिष्ठान प्रदेश समितिले मन्त्री शर्मालाई सिंहदरवारमा ज्ञापनपत्र दिने क्रममा यस्तो बताएकी हुन् । 'वैदेशिक रोजगारीमा भएका कामदारलाई सामाजिक सुरक्षा कोषमा समेटिसकिएको छ । अब पत्रकारलाई सामाजिक सुरक्षामा नसमेट्ने भन्ने हुँदैन । नीतिगत रुपमा व्यवस्था गरेर सबै पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन पहल गरिने छ', शर्माले भनिन् ।

पत्रकारिता पेशालाई व्यवस्थित र मर्यादित बनाउन सक्रिय पत्रकारलाई मात्रै पत्रकार महासंघमा समेट्न शर्माले सुझाव दिएकी छन् । सञ्चारमन्त्री शर्माले सबै विज्ञापन एकद्वार प्रणालीमा लिने प्रयास भईरहेको पनि जानकारी गराएकी छन् । 'सबै विज्ञापनलाई एकद्धार प्रणालीमा लग्ने सोचिएको छ । यसो हुँदा विज्ञापनमा हुने चुहावट रोकिने छ । विज्ञापनमा चुहावट भएर ९० प्रतिशतसम्म छुट दिएर मिडियामा छापिने रहेछ ।

विज्ञापन लग्ने र दिने मिले केही नहुने रहेछ' शर्माले भनिन्, 'अब विज्ञापनको सवालमा यस्तो हुँदैन । पत्रकारिता पेशा र पत्रकारलाई बलियो बनाउन विज्ञापन एकद्धार प्रणालीमा जाने छ । विज्ञापनमा हुने चुहावट रोकिएमा मिडियामा न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोषमा जान समस्या हुँदैन ।' संघीय सरकारदेखि प्रदेश र स्थानीय तहमा विज्ञापन एकद्धार प्रणालीमा कसरी लग्न सकिन्छ भन्ने विषयमा सुझाव दिन शर्माले आग्रह गरिन् ।

# जानकी नवमीमा इस्कोनको सप्ताहव्यापी कार्यक्रम

**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
इस्कोन जनकपुरधामले यस वर्षको जानकी नवमी श्रीमद् भागवत महायज्ञ सहितका सप्ताहव्यापी कार्यक्रम संचालन गरी मनाउने भएको छ ।



जगतजननी माता जानकीको जन्मोत्सवको अवसरमा इस्कोन नेपालले वैशाख ९ गते शनिवारदेखि वैशाख १७ गतेसम्म श्रीमद् भागवत कथा, श्रीरामजानकी महाअभिषेक र भगवान जगन्नाथको नगरमा रथयात्रा सहितका कार्यक्रम जनकपुरधाम २३ स्थित इस्कोन मन्दिरमा आयोजना गर्ने जनाइएको छ । इस्कोन जनकपुरधामका प्रमुख पुरुष भूषण दासले एक शुक्रवार एक पत्रकार सम्मेलन आयोजना गरी शनिवारदेखि १५ गतेसम्म बेलुका ४ देखि ७ बजेसम्म श्रीरामानुज दासद्वारा भागवत कथा वाचनका साथै प्रत्येक दिन मंगल आरती, नरसिंह प्रार्थना, तुलसी आरती, चैतन्य शिक्षाष्टक पाठ, सामूहिक जाप, गुरुपूजा, भजन किर्तन राजभोग एवं सांस्कृति कार्यक्रम आयोजना गरिने जानकारी दिए ।

यसका साथै वैशाख १६ गते जानकी नवमीको अवसरमा भगवान श्रीरामजानकीको महाअभिषेक दिनभरि गरिनेछ भने वैशाख १७ गते भगवान जगन्नाथको नगरभरि रथयात्रा प्रदर्शन गरिनेछ । सप्ताही कार्यक्रम अन्तर्गत प्रत्येक दिन १०/१५ हजार श्रद्धालुलाई महाप्रसादको रुपमा बिहान र बेलुका भोजन गराउने लक्ष्य राखिएको छ ।

सो सप्ताहव्यापी कार्यक्रमका लागि जनकपुरधाम उपमहानगरपालिकाबाट चापाकल जडान, अस्थायी शौचालय लगायतका व्यवस्थापन गरिएको पत्रकार सम्मेलनमा उपस्थित मेयर मनोज साहले जानकारी दिए । अमेरिकास्थित अन्तर ष्ट्रीय कृष्णभावनामृत संघ (इस्कोन) को संस्था विश्वभरि नै छरिएको छ । नेपालको विभिन्न स्थान सहित जनकपुरधाममा समेत भगवान जगन्नाथको मन्दिर स्थापना हुन लागेको हो । करीब डेढ अर्बको लगानीमा निर्माण हुने सो मन्दिर निर्माणका लागि उपमहानगरपालिकाले दुई विघा जग्गा उपलब्ध गराएको छ । सो जग्गामै जानकी नवमीको अवसरमा सप्ताहव्यापी कार्यक्रम आयोजना हुन लागेको हो ।

# मन्त्रालयले राखेको कृतिम फोक्सो १५ दिनमै खराब

**मधेशदृष्टि**
**काठमाडौँ, ८ वैशाख ।**
वायु प्रदूषणले मानव स्वास्थ्यमा पार्ने असरबारे जनचेतना जगाउन स्वास्थ्य मन्त्रालयले राखेको एइपीए फिल्टरबाट बनेको जोडी कृत्रिम फोक्सो छोटो समयममै कालो भएको छ ।




स्वास्थ्य मन्त्रालयका सह प्रवक्ता डा.समीर कुमार अधिकारीले काठमाडौँ उपत्यकामा उच्च स्तरको प्रदूषणको कारणले मन्त्रालयको मूलद्धारमा राखिएको एक जोडी कृत्रिम फोक्सो १५ दिनमै कालो भएको बताए ।

विश्व स्वास्थ्य दिवसको अवसर पारी २०७९ चैत्र २४ (२०२३ अप्रिल ७) मा मन्त्रालयको मूल ढोकामा फोक्सो जडान गरिएको थियो । कृत्रिम फोक्सोको अवस्थाबाट वायु प्रदूषणबाट मानव स्वास्थ्यमा पार्ने गम्भीर असरलाई बुझ्न सहज भएको प्रवक्ता अधिकारीको भनाइ छ ।

'छोटो अवधिमै फोक्सो कालो भएपछि मन्त्रालयले विश्व स्वास्थ्य दिवसको अवसरमा जडान गरिएको उक्त कृत्रिम फोक्सो पृथ्वी दिवसको अवसरमा त्यहाँबाट सारेर यो १५ दिनमा आएको परिवर्तनलाई तस्विरका माध्यमले बुझाउन विभिन्न स्थानमा जनचेतनामूलक अभियानका लागि प्रयोगमा ल्याउने योजना बनाएको छ', प्रवक्ता अधिकारीले शुक्रवार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

काठमाडौँका सामुदायिक विद्यालयका विद्यार्थीहरूले वायु प्रदूषणले फोक्सोमा पार्ने असरबारे जानकारी दिन र परीक्षणद्वारा उनीहरूको फोक्सोको जाँच गरी सचेतना सम्बन्धी कार्यक्रम आयोजना गरी मन्त्रालयमा कृत्रिम फोक्सो जडान गरिएको स्थानबाट निकालिएको स्वास्थ्य मन्त्रालयको भनाइ छ ।

नेपालमा वायु प्रदूषणको मुख्य कारणमा सवारी साधनबाट निस्कने धुवाँ, धुलो, औद्योगिक कलकारखानाबाट हुने उत्सर्जन, जङ्गलमा लाग्ने डढेलोको साथै घर, रेस्टुरेन्ट तथा होटेल व्यवसायबाट हुने उत्सर्जन र ऊर्जाका रूपमा काठ, दाउरा, कोइला, ब्रिकेटको आदि प्रयोग हुनु रहेको छ ।

वायु प्रदूषणले श्वासप्रश्वास सम्बन्धी स्वास्थ्य समस्याहरूका साथै हृदयाघात, मतिष्कघात, आँखा, छालासम्बन्धी रोग र क्यान्सर समेत निम्त्याउने गरेको छ । प्रदूषित वायुले सबै उमेर समूह र वर्गलाई प्रभावित गर्ने भए पनि बालबालिकाको फोक्सो विकसित भइनसकेकोले वायु प्रदूषणले उनीहरूको फोक्सोमा बढी प्रभाव पार्छ ।

वायु प्रदूषणबाट बाँच्न तत्काल मास्क लगाउने, अत्यधिक प्रदूषित क्षेत्रहरूबाट टाढा रहने, विद्युतीय चुलो र सवारी साधनको प्रयोग गर्ने, फोहोर नजलाउने जस्ता कार्य गर्न डा. अधिकारीले आग्रह गरेका छन् ।



# संक्रमणकालीन न्याय विधेयकः माननीयहरूको परीक्षा

*विधेयकलाई सच्याउँदाको परिणाम भने सुखद हुनेछ। त्यसो गर्दा विधिसम्मत प्रक्रियाबाट संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने आधार तयार हुनेछ। जस्तासुकै ज्यादतीको पनि देश भित्रै अनुसन्धान र अभियोजन गर्न सक्ने कानुनी क्षमता नेपालले आर्जन गरेको सन्देश प्रवाह हुनेछ।*



– राजुप्रसाद चापागाई

संघीय संसदका माननीयहरूलाई यो पीडित समुदाय र नागरिक समाजको आग्रह हो। सरकारले पुनः दर्ता गराएको विधेयक अहिले माननीयहरूको क्षेत्राधिकार भित्र छ। प्रतिनिधिसभाका ३२ सदस्यहरूले १८६ वटा संशोधनहरू प्रस्ताव गरेका छन्। कतिपय प्रस्तावले पीडित समुदाय र नागरिक समाजको भावनालाई केही हदसम्म अँगालेको देखिन्छ। कतिपय प्रस्ताव भने बेतुकका छन्। जेसुकै भए पनि व्यापक छलफल गरेर निकास निकाल्न संशोधन प्रस्तावहरूले महत्वपूर्ण आधार खडा गरेका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारको यो विधेयक अहिले माननीयहरूको लागि गम्भीर परीक्षाको विषय बनेको छ। कसैको लाचार छायाँमा आफ्नो विवेकलाई बन्धक बनाउने कि विधायकको संवैधानिक शक्तिलाई धारण गरेर आफ्नो भूमिकालाई 'डेलिबरेटिभ' र 'भाइब्रेन्ट' बनाउने भन्ने छनोट उनीहरूको अगाडि छ। यो केवल एक थान कानुन बनाउने कुरा मात्रै होइन भन्ने बुझ्नेकै हुनुपर्छ। बहुआयामिक संक्रमणकालीन न्याय प्रक्रियाको गतिशीलता र संवेदनशीलतालाई अनुभूत गरेर गम्भीरता साथ प्रस्तुत हुन चुक्नुहुँदैन। समिति प्रणालीअन्तर्गत विवादित विषयवस्तुहरूमा गम्भीर छलफल र परामर्श गर्न जरुरी छ। त्रुटिहरू पर्गेल्न र सच्याउन जरुरी छ। कसैप्रति आग्रह वा पूर्वाग्रह नराखी न्याय, सत्य र परिपूरणको वैध मागप्रति संवेदनशील हुन जरुरी छ। विस्तृत शान्ति सम्झौतामा व्यक्त मानवअधिकार र मानवीय कानुनप्रतिको प्रतिबद्धता, राज्यको संवैधानिक तथा अन्तर्राष्ट्रिय कानुनी दायित्वलाई शिरमा राखेर संसदले निर्णय लिन जरुरी छ। अन्यत्र कहाँ कहाँ के के भयो र के के गरे भनेर बहकिनु जरुरी छैन। संक्रमणकालीन न्यायको सन्दर्भमा हामी कहाँ छौं र हाम्रो पृष्ठभूमि के हो, आफ्ना नागरिकप्रति राज्यको जिम्मेवारी के हो त्यो मनन गर्न जरुरी छ।

हामी सन् १९९० को दशकको दक्षिण अफ्रिकी संक्रमणकालीन न्याय प्रक्रियाको कालखण्डमा छैनौं। न हामी कोलम्बियाको जस्तो अवस्था (सन् २०१६ मा शान्ति सम्झौता भएर अगाडि बढेको) मा छौं। विस्तृत शान्ति सम्झौता भएदेखि अहिलेसम्म हाम्रो संक्रमणकालीन न्यायको एउटा पृष्ठभूमि निर्माण भएको छ। अहिलेसम्म एक खालको राष्ट्रिय विधिशास्त्रीय मार्गचित्र पनि तयार छ। आफ्नै विगतबाट सिकेर र आफ्नै विधिशास्त्रीय जगमा उभिएर अगाडि बढ्नुको विकल्प देखिँदैन। सत्तामा रहेका वा नरहेकाको तजबिज वा चाहनामा भर गर्ने विषय होइन यो। विधेयकलाई यथोचित रूपमा संशोधन गर्ने कि नगर्ने भन्ने सन्दर्भमा केही गम्भीर सवालहरू विचारणीय छन्। नेपाल सार्वभौम देश हो। देशभित्र भएका उल्लंघनका घटनाहरूमाथि सार्वभौमिक नियन्त्रण स्थापित गर्ने कि नगर्ने भन्ने महत्वपूर्ण सवाल हो । सार्वभौमिक राष्ट्र हुनुको नाताले देशभित्र घटित जुनसुकै अपराधको अनुसन्धान, अभियोजन गर्ने ' कानुनी क्षमता' हामीले राख्नुपर्छ र त्यसका लागि 'इच्छाशक्ति' पनि देखाउनुपर्छ। त्यसमा चुक्नु राष्ट्रको प्रतिष्ठाका लागि हितकर हुँदैन। त्यसैले पनि यथाशीघ्र कानुनी क्षमता आर्जन गर्न जरुरी छ। विगतमा कानुनमा रहेका गम्भीर त्रुटि पटक-पटक न्यायिक जाँचका विषय बने। जहिले सुकै न्यायिक हस्तक्षेप आवश्यक भैरहने अवस्थाको पुनरावृत्ति हुनु किमार्थ राम्रो हुँदैन। बारम्बार न्यायिक हस्तक्षेप आवश्यक पर्ने स्थिति नरहोस् भनेर उच्च सचेतता अपनाउनुपर्छ। त्यसका लागि संसद विवेकशील बन्नुपर्दछ। द्वन्द्वकालीन मानवअधिकार उल्लंघनका सम्बन्धमा नेपालमा न्याय नपाएर संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिमा मुद्दा पुगेर दुई दर्जन भन्दा बढी निर्णयहरू भइसकेका छन्। त्यहाँ गुनासो दर्ता हुने क्रम जारी नै छ। यसलाई रोक्ने एउटै ओखती राष्ट्रिय कानुनको सुदृढीकरण र त्यसको इमानदार कार्यान्वयन हो।मानवअधिकारको विशेष कार्यादेश पाएका राष्ट्रसंघीय विशेष प्रतिवेदकहरू र जेनेभास्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालय समेतको पनि यो गम्भीर चासो र सरोकार छ। संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय बनाउन जति विलम्ब गर्छौं त्यति नै यसले अन्तर्राष्ट्रिय चासो र सरोकारलाई आकर्षित गर्दै जानेछ। संशोधनको आवश्यकता टड्कारो छ भन्ने बुझ्नुपर्दछ। संशोधन के विषयमा र किन? संक्रमणकालीन न्याय प्रक्रियालाई निकास दिनका लागि विधेयकको स्वीकार्यता बढाउने गरी न्यूनतम पनि विधेयकमा अन्तर्निहित त्रुटिहरूलाई निम्नानुसार सच्याइनुपर्छ।

विधेयकको दफा २ (ञ) र (ञ१) मा रहेको 'सशस्त्र द्वन्द्वको क्रममा निरस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको देहायको कुनै कार्य' भन्ने वाक्यांशको सट्टा ' अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरीत द्वन्द्वरत पक्षले गरेको देहायको कुनै कार्य' भन्ने वाक्यांश राखेर उल्लंघनको दायरालाई

> ❝ क्रूर यातना दिई वा निर्ममतापूर्वक मारिएको छ वा छैन भन्ने विषय सजायको मात्रा तोक्दा विचारणीय हुने हो। तर युद्धको नियम उल्लंघनबाट घटित जुनसुकै प्रकृतिको हत्या युद्ध अपराध हुने भएकाले क्षमादानयोग्य बनाइनुहुँदैन। तसर्थ यसको सट्टा अवैध हत्या (अन-ल-फुल किलिङ) राख्ने एउटा उपयुक्त विकल्प हुन्छ।

राष्ट्रसंघीय मानवअधिकार परिषद्मा हुने मानवअधिकार अवस्थाको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर)मा पनि निरन्तर यो विषय जोडतोडका साथ उठ्दै आएको छ। जबर्जस्ती बेपत्ता सम्बन्धी राष्ट्रसंघीय कार्य समूहले पनि विगतदेखि जबर्जस्ती बेपत्ताका घटनाहरूको विषयमा निगरानी गर्दै आएको छ। राष्ट्रिय रूपमा सम्बोधन हुने संभावना जति क्षीण हुँदै जान्छ त्यति कार्य समूहको निगरानीले पनि सक्रियता पाउनेछ।

क्रूर यातना दिई वा निर्ममतापूर्वक मारिएको छ वा छैन भन्ने विषय सजायको मात्रा तोक्दा विचारणीय हुने हो। तर युद्धको नियम उल्लंघनबाट घटित जुनसुकै प्रकृतिको हत्या युद्ध अपराध हुने भएकाले क्षमादानयोग्य बनाइनुहुँदैन। तसर्थ यसको सट्टा अवैध हत्या (अन-ल-फुल किलिङ) राख्ने एउटा उपयुक्त विकल्प हुन्छ।

विश्वव्यापी क्षेत्राधिकारको सान्दर्भिकता स्थापित भइसकेको छ। देशभित्र न्यायको संभावनाप्रति पीडित आश्वस्त हुन नसक्दा भविष्यमा पनि त्यसको संभावनाको खोजीले तीव्रता नपाउला भन्न सकिँदैन।

त्यसो हुन नदिनका लागि राष्ट्रिय कानुनको सुदृढीकरण र कार्यान्वयन अपरिहार्य छ। बिथोलिएको संक्रमणकालीन न्याय प्रक्रिया भूराजनीतिक खेलाडीका लागि पनि एउटा कार्ड बन्दै आएको छ। त्यो अवसर उनीहरूलाई नमिलोस् भन्ने हो भने पनि संक्रमणकालीन न्यायको सही व्यवस्थापनको आधार अविलम्ब तयार गरिनुपर्दछ। देशभित्र यो वा त्यो रूपमा 'हेग न्याय'को कुरा पनि उठ्दै आएको छ। नेपालको सन्दर्भमा यो सुदूर संभावनाको विषय हो। रोम विधानको पक्ष राष्ट्र नभएकाले नेपालको सन्दर्भमा सजिलै यसको क्षेत्राधिकार आकर्षित हुने अवस्था छैन। तथापि, कथंकदाचित राष्ट्रसंघीय सुरक्षा परिषद्ले प्रस्ताव पारित गरेर अन्तर्राष्ट्रिय फौजदारी अदालतअन्तर्गत अनुसन्धान र अभियोजनको लागि बाटो खोल्यो भने क्षेत्राधिकार आकर्षित हुन सक्छ। त्यसरी आकर्षित हुँदा पनि रोम विधान प्रारम्भ भएको मिति (१ जुलाई २००२) पश्चात् घटित गम्भीर अपराध 'हेग न्याय'को दायराभित्र आउने हो किनकि पश्चातदर्शी असर हुँदैन। हेग न्यायको हल्लालाई असान्दर्भिक बनाउनका लागि पनि ऐनलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनसँग संगतिपूर्ण हुने गरी फराकिलो पार्नु उपयुक्त हुन्छ। यसो गर्दा ऐनको कार्यान्वयन र व्याख्यामा पनि समस्या आउँदैन। विधेयकको दफा २ (ञ१) मा रहेको मानवअधिकारको गम्भीर उल्लंघनको सूचीअन्तर्गत देहाय (१)मा रहेको 'क्रूर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको' भन्ने व्यवस्था अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनको दृष्टिमा समस्याग्रस्त छ। यो नसच्चिने हो भने ऐन स्वीकार्य हुँदैन। क्रूर यातना दिई वा निर्ममतापूर्वक मारिएको छ वा छैन भन्ने विषय सजायको मात्रा तोक्दा विचारणीय हुने हो। तर युद्धको नियम उल्लंघनबाट घटित जुनसुकै प्रकृतिको हत्या युद्ध अपराध हुने भएकाले क्षमादानयोग्य बनाइनुहुँदैन। तसर्थ यसको सट्टा अवैध हत्या (अन-ल-फुल किलिङ) राख्ने एउटा उपयुक्त विकल्प हुन्छ। अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लंघनको परिणामस्वरूप घटित भएका हत्याहरूलाई समेट्ने शब्द अन-ल-फुल किलिङ नै मानिएको छ। राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त कार्यालयले नेपाल द्वन्द्व प्रतिवेदन, सन् २०१२ मा प्रयोग गरेको शब्द पनि यही हो। अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य शब्द राख्दा युद्धको नियम पालना गरेर ज्यान लिएको कार्य पनि कतै अभियोजनको दायराभित्र पर्ला कि भनेर कसैले चिन्ता गर्नुपर्ने अवस्था रहँदैन। गम्भीर अपराधको सूचीमा मानवताविरुद्धको अपराध र युद्ध अपराधलाई समेट्नु उपयुक्त हुन्छ। यसलाई कतिपय संशोधन प्रस्तावले समेत समेटेको देखिन्छ । मानवताविरुद्धको अपराधलाई संक्रमणकालीन न्यायको दायराभित्र राख्न विस्तृत शान्ति सम्झौता (दफा ५.२.५) र अन्तरिम संविधान (धारा ३३(ध))ले मार्गनिर्देशित गरेको तथ्य बिर्सिनु हुँदैन। त्यसैगरी मूल ऐनको दफा २ (ट) मा भएको बेपत्ताको परिभाषा विधेयकमा हटाइएको छ। त्यसलाई पुनःस्थापित गर्नु उपयुक्त हुन्छ। विधेयकको दफा २ (ञ १) को देहाय (२) मा रहेको 'जबर्जस्ती करणी' को सट्टा 'जबर्जस्ती करणी लगायतका गम्भीर यौन हिंसा' राखिनु उपयुक्त हुन्छ। यसो गर्न संशोधन प्रस्तावहरू पनि परेको देखिन्छ। त्यो प्रस्ताव वैध छ। यसो गर्दा बलात्कार बाहेकका गम्भीर प्रकृतिका यौन हिंसाजन्य अपराध पनि क्षमादान अयोग्य हुन्छन् र अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वको पनि पालना हुन्छ। अनुसन्धानले प्रमाण जुटाएर अभियोजन हुने सम्भावना कति होला त्यो आफ्नो ठाउँमा छ। यौनहिंसा विरुद्ध राष्ट्रको शून्य सहनशीलता पनि ऐनमा प्रदर्शित हुन्छ। विधेयकको दफा २ (ञ१) को देहाय (४) मा 'अमानवीय वा क्रूरतापूर्वक दिएको यातना' भन्ने वाक्यांशको सट्टा 'मानसिक वा शारीरिक पीडायुक्त यातना' राख्न सकिन्छ। यस सुझावलाई कतिपय संशोधन प्रस्तावमा आत्मसात् गरेको देखिएको छ। यातना अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुनअन्तर्गत निरपेक्ष रूपमा निषेधित छ। यातनाको अगाडि 'अमानवीय' वा 'क्रूरतापूर्वक' गरिएको भनेर विश्लेषण जोड्दा प्रत्यक्ष वा परोक्ष रूपमा दण्डबाट उन्मुक्ति दिन बाटो खोल्ने काम हुन्छ, जुन यातना विरुद्धको महासन्धिको बर्खिलाप हुन्छ। नेपालको प्रचलित कानुनको परिभाषा फितलो रहेकोमा विवाद छैन।

त्यसको समाधानका लागि विधेयकले यातनाविरुद्ध महासन्धिकै धारा १ को परिभाषा 'यातना हुन मानसिक वा शारीरिक रूपमा गम्भीर पीडादायी कार्य हुनु आवश्यक छ' लाई आत्मसात् गर्न सक्छ। विधेयकको दफा २ (ञ) र (ञ१) मा रहेको 'सशस्त्र द्वन्द्वको क्रममा निरस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा गरिएको देहायको कुनै कार्य' भन्ने वाक्यांशको सट्टा 'अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुन विपरीत द्वन्द्वरत पक्षले गरेको देहायको कुनै कार्य' भन्ने वाक्यांश राखेर उल्लंघनको दायरालाई फराकिलो पार्नु उपयुक्त हुन्छ। यसो गर्दा ऐनको कार्यान्वयन र व्याख्यामा पनि समस्या आउँदैन। प्रस्तावित दफा २९ (३)मा आयोगको सिफारिस बमोजिम मुद्दा चलाउने वा नचलाउने निर्णय सिफारिस भएको मितिले एक वर्षभित्र गरिसक्नुपर्ने व्यवस्था छ। आयोगले सिफारिस गरेको मितिले एक वर्षको हदम्याद जटिल प्रकृतिका घटनाहरूको सन्दर्भमा अन्यायपूर्ण हुनसक्छ भन्ने पीडित समुदाय र नागरिक समाजको चिन्ता वैध छ। यसले न्यायको ढोका बन्द गरेर तथ्यगत दण्डहीनताको अवस्था सृजना गर्न सक्छ। तसर्थ प्रस्तावित दफा २९(३) मा संशोधन गरी 'थप अनुसन्धान गर्न वा अभियोगपत्र तयार गर्न उपदफा (३) मा तोकिएको समय अपर्याप्त भएमा वा मनासिब कारणको विद्यमानता भएमा अधिकारप्राप्त सरकारी वकिलले मनासिब समयभित्र थप अनुसन्धान गरी/गराई अभियोगपत्र तयार गरी मुद्दा दर्ता गर्न बाधा पर्ने छैन' भन्ने व्यवस्था थप्नु उपयुक्त हुन्छ। यसले पीडितको न्यायको अधिकारको सम्मान र प्रभावकारी अभियोजनका लागि मार्गप्रशस्त गर्छ। नेपालमा हुने अनुसन्धान र अभियोजनको अन्तर्राष्ट्रिय वैधतालाई सुनिश्चित गर्छ। साथै संक्रमणकालीन न्याय प्रक्रियाको सन्दर्भमा प्रचलित कानुनमा विद्यमान रहेका हदम्यादको सिद्धान्त तथा पश्चातदर्शी कानुन विरुद्धका प्रबन्धहरू असान्दर्भिक हुने वा लागू नहुने प्रबन्ध गर्न जरुरी हुन्छ, ताकि कार्यान्वयनमा अन्योल नहोस्। विधेयकले विशेष अदालतको क्षेत्राधिकारलाई 'सशस्त्र द्वन्द्वको क्रममा घटेका मानवअधिकारको गम्भीर उल्लंघनसँग सम्बन्धित मुद्दा'मा मात्रै सीमित राखेको छ।

यसो गर्दा ऐनअन्तर्गतका अन्य मुद्दाको कारबाही र किनारा कसले गर्छ भन्ने अन्योल रहन्छ। तसर्थ संशोधन गरेर 'सशस्त्र द्वन्द्वको क्रममा घटेका मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवअधिकारको उल्लंघनसँग सम्बन्धित मुद्दा' भन्ने व्यहोरा राख्न सकिन्छ। यसो गर्दा क्षमादान दिने आधार देखिएन भने गम्भीर बाहेकका उल्लंघनका जिम्मेवारविरुद्ध पनि मुद्दा चल्न सक्ने कुरा स्थापित हुन्छ। प्रस्तावित दफा २९ घ(१)मा विशेष अदालतले बाध्यात्मक रूपमा नै सजाय घटाएर निर्धारण गर्नुपर्ने व्यवस्था छ। स्वतन्त्र न्यायपालिकाको मान्यताको उल्लंघन गर्ने यो व्यवस्थाको सट्टा अदालतले घटनाको गाम्भीर्य वा परिस्थितिको मूल्यांकन गरेर 'घटाई सजाय निर्धारण गर्न सक्नेछ' राख्नु उपयुक्त हुन्छ। यसो गर्दा न्यायिक स्वतन्त्रताका मान्यताको सम्मान हुन्छ। यस सन्दर्भमा राखिएको संशोधन प्रस्तावलाई स्वीकारेर अगाडि बढ्नुपर्छ। मूल ऐनको दफा ३(३)मा संशोधन गरेर सिफारिस समितिको स्वतन्त्रतालाई सुदृढ पार्न जरुरी छ। यो पीडितको ठूलो सरोकारको विषय रहेको छ।

सरकारले नै पाँच सदस्यीय समितिमा तीन जना मनोनयन गर्ने भएपछि स्वेच्छाचारी रूपमा आफ्ना व्यक्ति सिफारिस गर्ने प्रवृत्ति विगतमा देखिएको सत्य हो। ऐन जति राम्रो बनाए पनि आयोगमा सक्षम व्यक्ति नहुँदासम्म विश्वसनीय रूपमा काम सम्पन्न हुन नसक्ने स्पष्ट छ। तसर्थ पूर्व न्यायाधीशहरूमध्येबाट पनि एक जना सदस्य रहने व्यवस्था गरेर सरकारले मनोनयन गर्ने अन्य सदस्य संख्या दुई जनामा झार्न उचित हुन्छ। सिद्धान्ततः सर्वोच्च अदालतमा पुनरावेदन हेर्न तीन न्यायाधीश भएको विशेष संक्रमणकालीन न्याय इजलासको व्यवस्था गरिनु अनुपयुक्त हुने होइन। तर हाम्रोमा न्यायाधीशको सेटिङ मिलाएर चाहे जस्तो फैसला गराउने प्रचलन हावी रहेको भन्ने आरोप लाग्ने गरेको छ। त्यसैले विश्वसनीयताको संकट आउन पनि सक्छ।

दुई आयोगले आआफ्नै ढर्रामा काम गर्ने कुराले सत्य पत्ता लगाउन कठिन हुन्छ। विधेयकमा कहींकतै सत्य पत्ता लगाउने र परिपूरण दिने लगायत सन्दर्भमा दुई आयोगले परिपूरक भएर समन्वयात्मक रूपमा काम गर्ने दायित्व सृजना गर्नु उपयुक्त हुन्छ। विशेष अदालत ऐनको दफा १७ मा विशेष अदालतको फैसलामा चित्त नबुझेमा ३५ दिनभित्र पुनरावेदन गर्न सक्ने गरी गरिएको व्यवस्था नै यस सन्दर्भमा पनि लागू हुने प्रबन्ध गर्दा एकरूपता कायम हुन्छ र उक्त आशंका पनि निवारण हुने देखिन्छ।

> ❝ दुई आयोगले आआफ्नै ढर्रामा काम गर्ने कुराले सत्य पत्ता लगाउन कठिन हुन्छ। विधेयकमा कहींकतै सत्य पत्ता लगाउने र परिपूरण दिने लगायत सन्दर्भमा दुई आयोगले परिपूरक भएर समन्वयात्मक रूपमा काम गर्ने दायित्व सृजना गर्नु उपयुक्त हुन्छ। विशेष अदालत ऐनको दफा १७ मा विशेष अदालतको फैसलामा चित्त नबुझेमा ३५ दिनभित्र पुनरावेदन गर्न सक्ने गरी गरिएको व्यवस्था नै यस सन्दर्भमा पनि लागू हुने प्रबन्ध गर्दा एकरूपता कायम हुन्छ र उक्त आशंका पनि निवारण हुने देखिन्छ।

विधेयकले दफा २९घ(३)ले तत्काल प्रचलित नेपाल कानुनबमोजिम गठित 'कुनै अदालतबाट' पहिला नै सजाय भइसकेको रहेछ भने त्यस्तो व्यक्तिउपर 'सोही विषयमा' यस ऐन बमोजिम मुद्दा दायर गरी सजाय गरिने छैन' भन्ने व्यवस्था पनि संशोधन हुनुपर्छ। तत्काल प्रचलित नेपाल कानुन बमोजिम गठित 'नियमित अदालतबाट' पहिला नै सजाय भइसकेको रहेछ भने मात्रै त्यस्तो व्यक्तिउपर सोही 'कसुरमा' यस ऐनबमोजिम मुद्दा दायर गरी सजाय नगरिने प्रत्याभूति दिने गरी संशोधन गर्न गरिएको प्रस्ताव वैध छ।

विशेष अदालत नै गठन हुने भइसकेपछि कुनै घटना द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विषय आयोगले नै निधो गर्ने व्यवस्था गरिनु उपयुक्त हुँदैन। यो विषय सारभूत भएकाले न्यायिक रूपमा निरूपण गर्ने गरी व्यवस्था गरिनु वाञ्छनीय हुन्छ। तसर्थ दफा २९ (घ) (३) को सट्टा 'उपदफा (२) बमोजिम जिल्ला तथा उच्च अदालतबाट सरी आएका मुद्दा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको उल्लंघन वा मानवअधिकारको गम्भीर उल्लंघनको घटनासँग सम्बन्धित नभएको भनी मुद्दाको कुनै पक्षले निवेदन दिएमा विशेष अदालतले त्यस्तो निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो निवेदनको टुंगो लगाउनुपर्नेछ' भन्ने व्यवस्था राख्नु राम्रो हुन्छ।

दुई वर्षको कार्यावधि आयोगको लागि पर्याप्त हुँदैन भन्ने पीडित समुदायको बुझाइमा दम छ। स्रोत जुटाएर छिटोछरितो गर्नुपर्छ भन्ने कुरा राम्रो हो। तर हाम्रो सन्दर्भमा त्यसो हुन सकेका उदाहरण विरलै छन्। कम्तीमा तीन वर्ष तोक्ने र बाँकी एक वर्ष आवश्यकताअनुसार थप गर्न सक्ने व्यवस्था उपयुक्त हुन सक्छ। यसको आवश्यकता बोध गरेर संशोधन प्रस्ताव समेत परेको देखिन्छ। दुई आयोगले आआफ्नै ढर्रामा काम गर्ने कुराले सत्य पत्ता लगाउन कठिन हुन्छ। विधेयकमा कहींकतै सत्य पत्ता लगाउने र परिपूरण दिने लगायत सन्दर्भमा दुई आयोगले परिपूरक भएर समन्वयात्मक रूपमा काम गर्ने दायित्व सृजना गर्नु उपयुक्त हुन्छ। सच्चिंदा र नसच्चिंदाको फरकः यदि त्रुटिहरूलाई यथावत् राखेर ऐन संशोधन हुने हो भने ती त्रुटिहरूको योगफल दण्डहीनता नै हुनेछ। यसले विधेयकको अस्वीकार्यताको समस्या ज्यूँकात्यूँ नै रहने छ।

संक्रमणकालीन न्याय प्रक्रिया अझै बल्झिनुको विकल्प रहने छैन। राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा सशक्त आलोचना खेप्नुपर्नेछ। न्यायिक चुनौतीको पनि सामना गर्नुपर्नेछ ।फेरि पनि देशभित्र न्यायका लागि आश्वस्त नभएर पीडितहरूले अन्तर्राष्ट्रिय तहमा न्यायका लागि प्रयत्न गर्न प्रेरित हुने अवस्था सृजना हुनेछ। विधेयकलाई सच्याउँदाको परिणाम भने सुखद हुनेछ। त्यसो गर्दा विधिसम्मत प्रक्रियाबाट संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने आधार तयार हुनेछ। जस्तासुकै ज्यादतीको पनि देशभित्रै अनुसन्धान र अभियोजन गर्न सक्ने कानुनी क्षमता नेपालले आर्जन गरेको सन्देश प्रवाह हुनेछ। यसले राष्ट्रको खस्केको मानवअधिकार छवि उकासिने छ। नेपालको विश्वसनीयता बढ्ने छ । नेपालले शान्ति प्रक्रियाका थाती अभिभारा सम्पन्न गर्ने ठोस आधार तयार हुनेछ।

राष्ट्र यसबाट अगाडि बढेर बाँकी अरु जनसरोकारका एजेण्डामा ध्यान केन्द्रित गर्नेतर्फ अग्रसर हुने वातावरण तयार हुनेछ। समय र स्रोतको अपव्यय गरिरहने अवस्थाको अन्त्य हुनेछ। देशभित्रै न्यायको सम्भावना सुनिश्चित हुने भएकाले सीमापारिका न्याय संयन्त्रहरू नेपालको सन्दर्भमा अनावश्यक र असान्दर्भिक सिद्ध हुनेछन् ।

तसर्थ अब उल्टो बाटो हिंड्ने प्रवृत्ति परित्याग गरौं। सुल्टो बाटो हिंडौं। त्यसका लागि माननीयहरूको नेतृत्वदायी भूमिका रहोस्! (अधिवक्ता चापागाई संवैधानिक तथा मानवअधिकार कानुनको क्षेत्रमा अभ्यासरत छन् ।)

# नेपालमा करको दायरामा आए गुगल र इबिस्को इंक

**काठमाडौं ।** सरकारले चालु आर्थिक वर्षको बजेट भाषणबाट लागु गरेको विद्युतीय सेवा करको दायरा चर्चित अन्तर ष्ट्रिय आइटी कम्पनी गुगल र इबिस्को इङ्क दर्ता भएका छन् ।

आन्तरिक राजस्व विभागका प्रवक्ता राजु प्रसाद प्याकुरेलका अनुसार गुगल र इबिस्को केही दिन अगाडि नेपालको कर प्रणालीमा दर्ता भएका हुन् । यससँगै अब यी कम्पनीले नेपालमा विद्युतीय माध्यमबाट गरेको सेवाको कारोबारमा कर लाग्ने छ । यस्तो करको दर २ प्रतिशत तोकिएको छ ।




सरकारले चालु आव २०७९/८० बाट विद्युतीय सेवा कर सुरु गरेको हो । आर्थिक ऐन २०७९ ले गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा विद्युतीय सेवा कर असुल गर्ने नीति लिएको थियो । सो प्रावधान कार्यान्वयन गर्न आन्तरिक राजस्व विभागले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०७९ बनाएको छ । कार्यविधि अनुसार विद्युतीय सेवा कर १ साउन २०७९ बाट कार्यान्वयनमा आएको थियो । नेपालमा सरकारले पहिलो पटक विद्युतीय सेवा कर कार्यान्वयनमा ल्याउन लागेको हो ।

यो नीति अनुसार अब फेसबुक, टिकटक, ट्वीटर, गुगल, युट्युब, अनलाइन ब्यापारसहितका सेवाहरु करको दायरामा समेट्ने लक्ष्य सरकारले लिएको थियो । विभागका निर्देशक राजु प्रसाद प्याकुरेलका अनुसार यो विद्युतीय सेवालाई करको दायरामा समट्ने पहिलो प्रयास हो । यसले आगामी दिनमा नेपालमा सेवा बिस्तार गरिरहेका सबै विदेशी कम्पनीलाई करको दायरा भित्र समेट्न बाटो खुल्नेछ ।

अहिले धेरैजसो कम्पनीले नेपालमा कार्यालय नै स्थापना नगरी विद्युतीय सेवा चलाइरहेका छन् । गुगलले समेत सिंगापुर स्थित क्षेत्रीय कार्यालयका नाममा नेपालमा करको दायरामा आएको हो ।

**कर लाग्ने विद्युतीय सेवा के हो ?**

कार्यविधि अनुसार सूचना प्रविधि अत्यावश्यक पर्ने र न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रुपले इन्टरनेटमार्फत प्रदान हुने वस्तु तथा सेवालाई विद्युतीय सेवा मानिएको छ । जसमा विज्ञापन, चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप (ओटीटी), तथ्यांक संग्रह, क्लाउड सेवा, गेमिङ, मोबाइल एप, अनलाइन मार्केट, सफ्टवेयरको आपूर्ति र अध्यावधीकरण, तथ्यांक, तस्वीरको डाउनलोड सेवा, शिक्षा, परामर्श, सीप विकास तथा तालिम सेवा, इ-बुक, इ-पुस्तकालय, इ-पत्रिकालगायत सेवालाई राखिएको छ ।

**यस्तो अवस्थामा लाग्छ विद्युतीय सेवा कर ?**

कार्यविधि अनुसार नेपाल भित्र सेवा प्राप्त गरेमा, नेपालको ठेगानामा बिजक जारी गरेमा वा नेपालको बैंकमा भएको बैंक खाता र रकम भुक्तानीका लागि अनुमति प्राप्त संस्था तथा निकायबाट सञ्चालन भएका भुक्तानी उपकरणबाट रकम भुक्तानी भएमा त्यस्तो रकममा कर लाग्ने भएको छ ।

नेपालको बैंक तथा अनुमति प्राप्त भुक्तानी प्रदायक संस्था तथा निकायबाट जारी भएको डेबिट कार्ड, क्रेडिट कार्ड वा अन्य भुक्तानीका माध्यमबाट भुक्तानी भएमा समेत यस्तो कर लाग्ने भएको छ । नेपाल भित्र भएको इन्टरनेट पहिचान ठेगाना प्रयोग गरी सेवा प्राप्त गरेमा र नेपालको दूरसञ्चार कोड भएको सिमकार्ड वा नेपालको कुनै पनि ल्याण्डलाइन प्रयोग गरी सेवा प्राप्त गरेको अवस्थामा समेत कर लाग्ने कार्यविधिमा उल्लेख छ ।

**कति लाग्छ कर ?**

कार्यविधि अनुसार गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्य (नेपालमा लागेको अप्रत्यक्ष कर बाहेकको रकम)मा २ प्रतिशतका दरले कर लाग्ने भएको छ । तर, नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको वार्षिक २० लाख रुपैयाँसम्मको कारोबारमा कर लाग्ने छैन । सो भन्दा बढी रकमको कारोबार भएमा सबै कारोबारमा कर लाग्ने कार्यविधिमा उल्लेख छ । यो कर प्रत्यक्ष कर भएकाले सेवाको मूल्यमा करको रकम जोडेर असुल गर्न पाइने छैन ।विद्युतीय सेवा कर 'आयकर' जस्तै कर हो । तर, कम्पनीहरु भ्याटमा दर्ता भएर सेवा दिनु पर्छ । सोहीकारण उनीहरुले मूल्य अभिवृद्धि कर ऐनको प्रावधान अनुसार १३ प्रतिशत भ्याट तिर्नुपर्छ ।

यसमा पनि २० लाख रुपैयाँ भन्दा माथि वार्षिक कारोबार गर्ने कम्पनीलाई बाध्यकारी नियम बनेको छ ।वार्षिक २० लाख रुपैयाँ भन्दा कम कारोबार गर्ने व्यक्ति/कम्पनीले आयकर तिर्नुपर्नेछ भने विद्युतीय सेवा कर तिर्नेले आयकर तिर्नु पर्ने छैन । नेपालमा स्थायी लेखा नम्बर लिने/नलिने सबैले यस्तो करको दायरामा आउनु पर्ने भएको छ । करको भुक्तानी आय वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गरिसक्नु पर्ने भएको छ । तोकिएको समय भित्र रकम दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने कार्यविधिमा उल्लेख छ ।

**दर्ता कसरी हुन्छन् ?**

आर्थिक ऐन २०७९ अनुसार कर लाग्जे व्यक्तिले नेपालमा दर्ता भई स्थायी लेखा नम्बर दिएर मात्र कारोबार गर्नु पर्ने छ । तर, दर्ता नभए पनि कार्यविधि बमोजिमको कर तिर्ने दायित्वबाट उन्मुक्ति नपाउने कार्यविधिमा उल्लेख छ । ऐन बमोजिम कर लाग्ने व्यक्तिले कर लाग्ने कारोबारको सीमा नाघेको ३० दिन भित्र स्थायी लेखा नम्बर लिन आन्तरिक राजस्व विभाग मातहतका कार्यालयमा निवेदन दिनु पर्छ । स्वेच्छिक रुपमा दर्ता हुन चाहेमा भने जुनसुकै बेला पनि दर्ता हुन सक्ने प्रावधान बनाइएको छ । स्थायी लेखा नम्बर अहिले अनलाइनबाट समेत लिन सकिन्छ ।

**कारोबारको लेखांकन कसरी हुन्छ ?**

कार्यविधि अनुसार गैरबासिन्दा व्यक्तिले कारोबार मूल्य नेपाली मुद्रामा उल्लेख गर्नु पर्ने भएको छ । आय वर्ष अनुसार आफ्नो कारोबारको विवरण देखाउनु पर्छ । आय वर्ष सकिएको ३० दिन भित्र आय विवरण बुझाउनु पर्छ । यसको ढाँचा समेत विभागले बनाएको छ । सोही विवरण अनुसारको कर विद्युतीय माध्यमबाट भुक्तानी गर्नुपर्ने भएको छ ।भुक्तानी आय वर्ष सकिएको तीन महिना भित्र गरिसक्नु पर्ने भएको छ । नगरे वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्नेछ । त्यसो त कर कार्यालयले गैरबासिन्दा व्यक्तिको कारोबारको परीक्षण गरी कर निर्धारण समेत गर्न सक्ने भएको छ ।

**भ्याटमा पनि दर्ता हुनुपर्छ यी कम्पनी**

नेपालमा सेवा दिने कम्पनीहरुले नेपाल भित्र मूल्य अभिवृद्धि करमा समेत दर्ता हुनुपर्छ । आर्थिक ऐनले उपभोक्तालाई विद्युतीय सेवा उपलब्ध गराउने गैरबासिन्दा व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई कर दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ ।निर्देशक प्याकुरेलका अनुसार विद्युतीय सेवा कर 'आयकर' जस्तै कर हो । तर, कम्पनीहरु भ्याटमा दर्ता भएर सेवा दिनु पर्छ । सोहीकारण उनीहरुले मूल्य अभिवृद्धि कर ऐनको प्रावधान अनुसार १३ प्रतिशत भ्याट तिर्नुपर्छ । यसमा पनि २० लाख रुपैयाँ भन्दा माथि वार्षिक कारोबार गर्ने कम्पनीलाई बाध्यकारी नियम बनेको छ ।

# तयारी पोशाक : स्वदेशी उत्पादनको बजार हिस्सा बढ्दै

**काठमाडौं ।** कुनै समय आयातित तयारी पोशाकमा निर्भर नेपाली बजारमा यतिबेला स्वदेशी उत्पादक कम्पनीले आफ्नो हिस्सा बढाउन थालेका छन् । तयारी पोशाकको डिजाइन र गुणस्तरमा स्वदेशी उत्पादन प्रतिष्पर्धी बन्दै गएपछि तयारी पोशाकको बजारमा स्वदेशी उत्पादनको हिस्सा बढ्दै गएको नेपाल तयारी पोशाक उत्पादक सङ्घको भनाइ छ ।

कोरोना महामारीको समयमा स्वदेशी उत्पादनको खपत अत्यधिक भएको थियो ।

तत्कालीन समयमा कोरोना महामारी रोकथाम तथा न्यूनिकरणका लागि लागू भएको बन्दाबन्दीका कारण आयात ठप्प जस्तै भयो । तत्कालीन समयदेखि स्वदेशी उत्पादनको खपत र माग दुवै बढ्न थालेको सङ्घको बुझाइ छ । कोरोना महामारीअघि विभिन्न नाममा स्वदेशी तयारी पोशाक बिक्री हुन भएपनि त्यसपछि भने नेपाली ब्राण्डमै बढी उत्पादन हुन थालेको जानकारहरु बताउँछन् । सङ्घको तथ्याङ्कअनुसार कोरोना महामारी सुरु हुनुभन्दा अघि सन् २०१८/१९ मा नेपालमा रु ३१ अर्ब ८३ करोड बराबरको तयारी पोशाक विभिन्न देशबाट आयात भएको थियो । जबकी सन् २०२०/२१ मा रु २४ अर्ब २ करोडको पोशाक आयात भएको थियो । 'कोरोना महामारी सुरु भएपछि तयारी पोशाकको आयात रु ८ अर्बले घटेको देखिन्छ', सङ्घका अध्यक्ष किशोर नेपालले भने, 'लकडाउनका कारण आयात नभएपछि त्यो 'स्पेस' स्वदेशी उत्पादक कम्पनीले पूरा गरेका हुन् ।' स्वदेशी तयारी पोशाक उत्पादक कम्पनीले गुणस्तरमा ध्यान दिन थालेपछि माग पनि बढ्न थालेको उनको भनाइ छ । सङ्घका अनुसार एक जना व्यक्तिले वर्षमा औसतमा ४० मिटर वा १२ जोर तयारी पोशाक खपत गर्छ । जसमध्ये हाल ३३ प्रतिशत हिस्सा स्वदेशी उत्पादनको रहेको सङ्घको भनाइ छ । 'सन् २०२१/२२ मा २२ करोड चार लाख ८१ हजार ४२० वटा तयारी पोशाक आयात भएको छ', अध्यक्ष नेपालले भने, 'विदेश गएकालाई छाडेर दुई करोड ५० लाख जनसंख्यालाई हिसाब गर्ने हो भने औसतमा आठ वटा पर्छ, बाँकी चार वटा स्वदेशी उत्पादनबाट खपत भएको छ ।' उनका अनुसार कोरोना अघि १० प्रतिशत रहेको स्वदेशी उत्पादनको बजार हिस्सा यतिबेला बढेर ३३ प्रतिशतभन्दा बढी पुगेको छ ।

उनका अनुसार नेपालमा वार्षिक २० करोडदेखि २२ करोड जोरसम्म तयारी पोशाक आयात हुने गरेको छ । यद्यपि कोरोना महामारीका कारण लकडाउन भएको वर्ष भने १५ करोड जोरमा सीमित भएको थियो । 'नयाँ पुस्ताको छनोटमा नेपाली उत्पादन पर्न थालेका छन्, जुन हाम्रा लागि खुसीको कुरा हो', उनले भने, 'बजारीकरण र प्रबर्द्धनमा ध्यान दिन सकियो भने निर्यातको सम्भावना पनि उत्तिकै छ ।' तयारी पोशाकका लागि प्रयोग हुने ५० प्रतिशतभन्दा बढी कच्चा पदार्थ पनि आयात गर्न नपर्ने उनको भनाइ छ ।

अध्यक्ष नेपालका अनुसार पछिल्लो समय बजारमा माग बढेपनि जनशक्तिको अभावले माग अनुसारको आपूर्ति हुन सकेको छैन । कूल कामदारमध्ये नेपाली कामदार २० प्रतिशत मात्रै छन् भने बाँकी ८० प्रतिशत जनशक्ति भारतलगायत अन्य मुलुकबाट ल्याउनु पर्ने अवस्था छ । नेपाली दक्षजनशक्ति उत्पादनका लागि सङ्घले समेत विभिन्न तालिम दिने गरेको छ ।

सङ्घका अनुसार काठमाडौं उपत्यकामा मात्रै चार सयभन्दा धैरै उद्योग सञ्चालनमा छन् । यहाँ उत्पादन हुने तयारी पोशाक काठमाडौं बाहिरको बजारसम्म पुग्ने गरेको सङ्घको भनाइ छ । सङ्घका अनुसार देशभर सञ्चालित करिब पाँच सय उद्योगले वार्षिक रु २५ अर्बको कारोबार गर्दै आएका छन् । कोभिडपछि बजारको माग अनुसार डिजाइन र गुणस्तरमा ध्यान दिन थालेपछि सबै उमेर समूहले मन पराउन थालेको गार्मेन्ट व्यवसायी पुजा जोशीले बताए ।सङ्घका उपाध्यक्ष राजकुमार कार्कीले स्वदेशमै जनशक्ति उत्पादनका लागि सुदूरपश्चिम प्रदेशमा तीन सयभन्दा बढी मुक्त कमलरीलाई निःशुल्क तालिमका साथै रोजगारी पनि उपलब्ध गराएको जानकारी दिए । उनले भने, 'अहिलेको जनशक्तिले माग अनुसारको उत्पादन गर्न सक्ने अवस्था छैन", उनले भने, जनशक्ति उत्पादनका लागि तालिममा जोड दिएका छौं ।' उनका अनुसार हाल नेपाली तयारी पोसाक उत्पादक सङ्घ र अल्कापुरी फाउन्डेसनबीच सहकार्य गर्दे जनशक्ति उत्पादन गर्ने र पोसाक उत्पादन गर्दै आएको छ ।

**निर्यात पनि**

नेपालमा उत्पादित तयारी पोसाक विभिन्न १० भन्दाबढी देशमा निर्यात भइरहेको सङ्घले जनाएको छ । हाल चीन, भारत, थाइल्याण्ड, इन्डोनोसिया, बङगलादेश, कोम्बिया, भियतनाम, जापान, बेलायत र यूएईलगायतका देशमा उहाँ उत्पादित तयारी पोशाक निर्यात भइरहेको छ । नेपालमा उत्पादित सिस्नो, अल्लो, मकैको खोस्टा, भेडाको ऊन जस्ता कच्चापदार्थको प्रयोगबाट राम्रो उत्पादन हुने भए पनि मूल्यवृद्धिका कारण केही कच्चापदार्थ महङ्गो परेको सङ्घको भनाइ छ ।

# ६६ प्रतिशतले बढ्यो विद्युतीय सवारी आयात

**काठमाडौं ।**चालु आर्थिक वर्षको नौ महिनामा विद्युतीय सवारी साधानको आयात ६६ दशमलव ३९ प्रतिशतले बढेको छ ।



भन्सार विभागका अनुसार समीक्षा अवधिमा दुई हजार चार सय ५१ वटा विद्युतीय सवारी साधान आयात भएको छ । गत आवको सोही अवधिमा एक हजार चार सय ७३ वटा विद्युतीय सवारी आयात भएका थिए । विभागको तथ्यांक अनुसार चैतमा मात्रै दुई सय ५३ वटा विद्युतीय सवारी नेपाल भित्रिएका छन् । गत आवको सोही अवधिमा एक सय १६ वटा मात्र विद्युतीय सवारी साधान आयात भएको थियो ।

विभागका अनुसार समीक्षा अवधिमा सबैभन्दा धेरै भारतबाट आयात भएका छन् । उक्त अवधिमा भारतबाट एक सय किलोवाट क्षमताका एक हजार सात सय ५५ वटा विद्युतीय सवारी आयात भएका छन् ।

भारतपछि सबैभन्दा धेरै विद्युतीय गाडीहरु चीनबाट नेपाल भित्रिएका छन् । चीनबाट एक सय किलोवाट क्षमताका तीन सय ८१, दक्षिण कोरियाबाट एक सय किलोवाट क्षमताका दुई सय ४०, र इन्डोनोसियाबाट तीन वटा विद्युतीय सवारी साधान आयात भएका छन् । यस्तै, दक्षिण कोरियाबाट एक सयदेखि दुई सय किलोवाट क्षमताका २० वटा, चीनबाट ४३, युकेबाट दुई वटा विद्युतीय सवारी नेपाल भित्रिएका छन् । भन्सार विभागका अनुसार चीनबाट दुई सयदेखि ३०० किलोवाट क्षमताका पाँच र बेलायतबाट दुई वटा विद्युतीय गाडी नेपाल भित्रिएका हुन् ।

समीक्षा अवधिमा भारतबाट मात्रै रु चार अर्ब ७१ करोड ९८ लाख बराबरको विद्युतीय सवारी आयात भएका छन् । पछिल्लो समय भारतबाट टाटाको विद्युतीय गाडी नेक्सन र टिगोर इभी र महिन्द्राका गाडीहरु आयात भएका छन् । यस्तै, चीनबाट समा नेटा भी, बीवाइडी, एमजी र टेस्लाका गाडीहरु आयात हुने गरेको छ ।

सात अर्बका गाडी भित्रिए

चालू आर्थिक वर्षको नौ महिनामा करिब रु सात अर्ब बराबरका विद्युतीय सवारी साधान नेपाल भित्रिएका छन् । भन्सार विभागका अनुसार चैत मसान्तसम्म दुई हजार ४५१ वटा विद्युतीय सवारी आयातमा रु छ अर्ब ८५ करोड ७९ लाख बाहिरिएको छ । विद्युतीय सवारी आयातबाट सरकारले रु एक अर्ब ९३ करोड १३ लाख ५९ लाख राजश्व संकलन गरेको छ । गत आवको सोही अवधिमा रु चार अर्ब २९ करोड ६६ लाख ३१ हजार बराबरको विद्युतीय गाडी आयात भएको थियो । उक्त आयातबाट सरकारले रु एक अर्ब १६ करोड ५५ लाख २० हजार राजश्व संकलन गरेको थियो ।

# किसानलाई 'क्रेडिट कार्ड'

**तुलसीपुर ।** दाङ तुलसीपुर उपमहानगरपालिकाभित्रका किसानलाई 'क्रेडिट कार्ड' दिने गरी तयारी गरिएको छ । यसका लागि कार्यविधिको मस्यौदा तयार गरिएको उपमहानगरपालिकाका प्रवक्ता माधव वलीले जानकारी दिए । "ड्राफ्टको दोस्रो मस्यौदा तयार भएको छ", उनले भने, "त्यसमा विद्यायक समितिले हेरफेर गर्छ, अनि कार्यपालिकामा गएर छलफल भएपछि हामीले कार्यान्वयनमा गर्छौं ।"

किसानलाई क्रेडिटकार्ड दिएपछि रु दुई लाखसम्मको सहुलियत कर्जा पाउँछन् । यसअघि तुलसीपुर उपमहानगरपालिका-१६ का किसानलाई क्रेडिट कार्ड वितरण गरिएको थियो । सिसा परियोजना र मेघा बैंकको समन्वयमा वडाका १३ जना किसानलाई क्रेडिट कार्ड वितरण गरिएको थियो । क्रेडिट कार्डले किसानलाई डिजिटल बैंकिङ कारोबार गर्न सहज बनाउने भन्दै यो किसानलाई खुसीको कुरा भएको उनले बताए ।

अर्थाभावले कृषि खेतीमै प्रभाव पार्ने अवस्था आउन सक्ने भन्दै त्यसलाई न्यूनीकरण गर्न यसले भूमिका खेल्ने उनको भनाइ छ । क्रेडिट कार्ड प्राप्त किसानलाई बिना धितो सरकारले रु दुई लाखसम्म ऋण दिन्छ । सहुलियत कर्जाका रूपमा पाउने त्यो ऋण किसानले कृषि उत्पादन बिक्रीपछि प्राप्त गरेको रकमले पनि तिर्न सक्छन् । उनीहरूले त्यो ऋण कृषि सामग्री खरिदभन्दा अन्य कामका लागि प्रयोग गर्न पाउँदैनन् ।

त्यस्तै डेबिट कार्डबाट किसानले अनुदान सहयोग, क्षतिपूर्ति हालिदिनका लागि प्रयोग हुनेछ । क्रेडिट कार्ड प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ भने डेबिट कार्ड पाँच-पाँच वर्षमा नवीकरण गर्नुपर्छ । सिसा परियोजनाको आयोजनामा किसान क्रेडिट कार्ड कार्यान्वयन सहयोगसम्बन्धी कार्यविधि २०७९ का विषयमा अन्तर्क्रिया भएको छ । त्यस अवसरमा बैंकका प्रमुख, जनप्रतिनिधि, किसानलगायत सरोकारवालाले 'क्रेडिट कार्ड'ले किसानलाई व्यावसायिकरुपमा फाइदा पुऱ्याउने बताएका थिए ।

# आइटी क्षेत्रमा लगानी गर्न ब्रिटिस व्यवसायीलाई आह्वान

**लन्डन ।** ब्रिटिस व्यवसायी तथा नेपाली अधिकारीले नेपालमा सूचना प्रविधिको विकासको जग तयार भइसकेको भन्दै सूचना प्रविधि क्षेत्रमा ज्ञानको आदानप्रदान तथा विदेशी लगानीका लागि आह्वान गरेका छन् ।

लण्डनस्थित नेपाली दूतावासले आयोजना गरेको कार्यक्रममा बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले नेपालमा युवा, शिक्षित तथा मेहनती जनसंख्या बढ्दै गएको र सामाजिक, आर्थिक क्षेत्रमा फड्को मार्न नेपाल तयारी अवस्थामा रहेको बताए । नेपाललाई सूचना प्रविधिको हबका रुपमा विकास गर्न नेपाल सरकारले सूचना प्रविधि विज्ञ, निजी क्षेत्र, तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सहकार्य गर्न खोजीरहेको उनको भनाइ छ । उनले ब्रिटिस कम्पनीलाई नेपाली कम्पनीसँग मिलेर काम गर्न र नेपालमा लगानी गर्न पनि आग्रह गरे ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिलकुमार दत्तले पछिल्लो एक दशकभित्र सूचना प्रविधिको क्षेत्रमा नेपालले फड्को मारेको बताउँदै कानुनी तथा भौतिक पूर्वाधार विकासका लागि नेपाल सरकारले काम गरिरहेको बताए । उनले ज्ञानमा आधारित समाज तथा डिजिटल अर्थतन्त्रको आधार निर्माण गर्न तथा आमनागरिकलाई प्रदान गरिने सार्वजनिक सेवा सरल र सहजरुपमा उपलब्ध गराउन नेपाल सरकारले विसं २०७६ मा डिजिटल नेपाल फ्रेमवर्क नीति पारित गरी कार्यान्वयन पनि गरिरहेको स्पष्ट पारे ।

सरकारले देशका विभिन्न क्षेत्रमा सूचना प्रविधि पार्क स्थापना गर्ने योजना बनाएको जनाउँदै सहसचिव दत्तले सूचना प्रविधिको विकासका लागि नीति नियम परिमार्जन गर्न पनि सरकार तयार रहेको बताए ।नेपालमा लगानी प्रवर्द्धन गरिरहेको डोल्मा इम्प्याक्ट फन्डका प्रमुख कार्यकारी अधिकृत टिम गोचरले नेपालमा काम गर्दा आफूहरुले सरकार र निजी क्षेत्रबाट पर्याप्त सहयोग पाएको बताए ।

उनले नेपाली युवा दक्ष, मेहनती र मिलनसार रहेको भन्दै आफ्नो कम्पनीले जलविद्युत् र स्वास्थ्य क्षेत्रपछि अहिले सूचना प्रविधिमा पनि लगानी गर्न लागेको बताए । ब्रिटिस कम्पनी, एमबीआइ एमबीओ लिमिटेडका अध्यक्ष तथा प्रमुख कार्यकारी ब्रायन डफीले कुनै पनि मुलुकको विकासका लागि त्यहाँका जनता र संस्कृतिको महत्वपूर्ण भूमिका रहने बताउँदै नेपालीको इमान्दारिता र मेहनत गर्ने प्रवृत्तिबाट आफू प्रभावित भएको बताए । उनले सूचना प्रविधि क्षेत्रको विकासलाई प्राथमिकता दिन नेपाल सरकारलाई आग्रह पनि गरे ।

बेलायतमा मुख्यालय भएको कम्पनी जेनिस सलुसनका संस्थापक तथा मुख्य प्रविधि अधिकृत अन्जनी फुयालले नेपालका विश्वविद्यालय तथा कलेजबाट बर्सेनि झन्डै ७० हजार युवाले विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणितसम्बद्ध विषयमा स्नातक गरिरहेको बताए । उनले नेपालीले नेपालमै बसेर विश्वका प्रमुख कम्पनीका लागि काम गरिरहेको बताउँदै नेपाललाई सूचना प्रविधिको हबको रुपमा विकास गर्न नेपाल सरकारले नीतिगत तथा कार्यक्रम ल्याएर काम गर्नुपर्ने सुझाव दिए । 'अमेरिका वा युरोपेली मुलुकको तुलनामा नेपालमा जनशक्ति सस्तो तर दक्ष छ, नेपालमा कानुनी तथा पूर्वाधारको ढाँचा बनिसकेको छ र समय (टाइम जोन)को पनि लाभ छ', उनले भने, 'त्यसैले नेपालमा अवसर छन् तर तिनलाई व्यवहारमा उतार्न नेपाल सरकारले क्लाउड फस्ट नीति अपनाउनुपर्छ, वैदेशिक लगानीका लागि न्यूनतम सीमा घटाउनुपर्छ, सूचना प्रविधि शिक्षालाई प्रवर्द्धन गर्नुपर्छ र नेपालमा आएर काम गर्न चाहने दक्ष विदेशी जनशक्तिका लागि सरल भिसा प्रणाली अपनाउनुपर्छ ।'

# नेपालमा कर तिर्दैनन् सामाजिक सञ्जाल, फेसबुकले मात्रै लैजान्छ ६० अर्बभन्दा बढी नाफा

**काठमाडौँ ।** नेपालमा विद्युतीय सेवाको कारोबार गर्ने विदेशी कम्पनीलाई करको दायरामा ल्याउन सरकारले कानून बनाएको भए पनि अधिकांश कम्पनी कर प्रणाली बाहिर छन् ।



चालु आर्थिक वर्षको आर्थिक ऐनमार्फत् सरकारले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स)सम्बन्धी व्यवस्था गरेको थियो । तर हालसम्म दुईवटा कम्पनी मात्रै डिजिटल सर्भिस ट्याक्स प्रणालीमा दर्ता भएको आन्तरिक राजस्व विभागले जनाएको छ ।

'हालसम्म गुगल र इब्स्को इन्क भन्ने दुईवटा कम्पनी मात्रै डिएसटीमा आवद्ध भएका छन् । अरु कम्पनीले पनि चासो देखाइरहेका छन् । तर यस्तो कर प्रणाली हाम्रा लागि नयाँ व्यवस्था भएकाले बाध्यकारी हुन नसक्दा अरु कम्पनीलाई कसरी करको दायरामा ल्याउने भन्ने चुनौती छ ।', आन्तरिक राजस्व विभागका प्रवक्ता राजुप्रसाद प्याकुरेलले भने ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले 'गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर लगाइ असुल गरिनेछ' भनि व्यवस्था गरेको थियो । वार्षिक रू २० लाखसम्मको कारोबारमा भने यस्तो कर नलाग्ने व्यवस्था आर्थिक ऐनमा राखिएको छ ।

ऐनको व्यवस्थाअनुसार नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आयवर्षअनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिला गर्नुपर्छ । तर विभागमा दर्ता हुन नआएका कम्पनीलाई कसरी आवद्ध गराउने र कर तिराउने भन्ने स्पष्ट छैन । विभागमा दर्ता भइसकेका यस्ता विदेशी कम्पनीले कर नतिरेमा कारबाहीको व्यवस्था गरिएको भए पनि दर्ता नै नभएकालाई कस्तो कारबाही हुने भन्ने स्पष्ट नरहेको प्रवक्ता प्याकुरेल बताउनुहुन्छ ।

चालु आर्थिक वर्षको आर्थिक ऐनले तोकिएको समयभित्र विवरण दाखिला नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रतिवर्षका दरले हुने रकम शूल्क लाग्ने र कर तिर्नुपर्ने तोकिएको मितिभित्र कुनै व्यक्तिले कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने व्यवस्था रहेको छ । यसरी दाखिला गर्नुपर्ने कर रकम कम दाखिला गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको ५० प्रतिशत जरिवानासमेत लाग्नेछ भनी व्यवस्था गरिएको छ । तर विदेशमा सेवा दिइरहेका कम्पनीले नेपालमा कर तिर्नका लागि अनिवार्यरुपमा दर्ता हुनुपर्ने व्यवस्था आर्थिक ऐनमा भने कहीँ पनि राखिएको देखिँदैन ।

नेपालभित्र सेवा दिइरहेका सामाजिक सञ्जाललगायत डिजिटल कारोबार गर्ने कम्पनीलाई करको दायरामा ल्याउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले नै देखाएका छन् । मन्त्रिपरिषद्को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको 'राजस्व दायरा वृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९'ले पछिल्ला वर्षमा सामाजिक सञ्जालमार्फत हुने विज्ञापनबाट मात्रै ठूलो रकम बाहिरी रहेको उल्लेख गरेको छ । 'नेपालमा कानूनीरुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ । त्यस्ता सामाजिक सञ्जालले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन् ।' प्रतिवेदनमा भनिएको छ ।

राजस्व परामर्श समितिको प्रतिवेदनले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा नेपालमा फेसबुकका एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ । 'बजारसम्बनधी अनुसन्धान गर्ने कम्पनी स्टाटिस्टाकाका अनुसार फेसबुकको प्रति विज्ञापनकर्ता विज्ञापन आम्दानी सन् २०२१ मा ४० दशमलव ९६ अमेरिकी डलर पुगेको छ । सो आय सन् २०२० मा ३२ दशमलव ०३ अमेरिकी डलर बराबर थियो,' राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, 'यस प्रकारले हेर्दा नेपाली प्रयोगकर्ताले विज्ञापन हेरेबापत फेसबुकले वार्षिक ६० अर्बभन्दा बढी रकम आय गर्दै आइरहेको छ ।'

अरु देशको प्रावधान

बङ्गलादेशमा नेशनल बोर्ड अफ रेभेन्यूले फेसबुक, गुगलजस्ता कम्पनीलाई दर्ता गरेर १५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) सङ्कलन गर्दै आएको छ । त्यसका अतिरिक्त गैर वासिन्दालाई अनलाइन विज्ञापनबापत रकम भुक्तानी गर्दा १५ प्रतिशत टिडिएस लाग्ने व्यवस्था रहेको छ ।

त्यस्तै, भारतमा पनि फेसवुकलगायत ठूला अनलाइन् व्यवसाय दर्ता भई व्यवसाय सञ्चालन गर्दै आएका छन् । भारतमा अनलाइनबाट विज्ञापन गर्दा १८ प्रतिशत वस्तु तथा सेवा कर (जीएसटी) र आयकरका रुपमा दुई प्रतिशत टिडिएस लाग्दै आएको छ ।

हालको अनौपचारिक माध्यमबाट नेपालमा दर्ता नभएका कम्पनी, गैरबासिन्दाबाट विज्ञापन गर्दा वा अनलाइन सेवा लिँदा ग्राहकले सम्बन्धित देशको कर तथा दश प्रतिशतको हाराहारीमा सेवा शुल्क भुक्तानी गर्दै आइरहेको राजस्व परामर्श समितिको प्रतिवेदनमा उल्लेख छ । यस्ता कम्पनी नेपालमा दर्ता भएर विज्ञापन गर्दा अन्य देशको भन्दा सस्तो पर्ने र नेपालमा राजस्व पनि बढ्ने ठानिएको छ ।

उदाहरणको लागि फेसबुकबाट विज्ञापन गर्दा कुन देशको ठेगानाबाट विज्ञापन गर्ने भनी छनौट गर्नुपर्दछ । मानौं भारत छनौट गरेमा फेसबुकबाट विज्ञापन गर्दा लाग्ने शुल्कमा १८ प्रतिशत जीएसटीसहितको रकम भुक्तानी गर्नुपर्दछ । अनौपचारि करुपमा विज्ञापन गर्दा सो अठार प्रतिशत पछिको रकममा दश प्रतिशत सटही शुल्क तिरी विज्ञापन हुँदै आएको छ । यस्ता कम्पनी नेपालमा दर्ता भएर कानूनीरुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउन सके भारतबाट गर्ने विज्ञापनभन्दा नेपालबाट गर्ने विज्ञापन सस्तो पर्न जान्छ ।

'नेपालको हकमा प्राकृतिक व्यक्तिलाई कार्ड जारी हुँदाकै अवस्थामा १५ प्रतिशत टिडिएसबापतको रकम सङ्कलन गर्ने र भ्याट नलाग्ने व्यवस्था गरेमा यसतर्फ सेवाग्राही आकर्षित हुनसक्ने अनुमान गर्न सकिन्छ', राजस्व परामर्श समितिको प्रतिवेदनमा भनिएको छ, 'नेपालबाट गरेको आय रकममा पन्ध्र प्रतिशतका दरले मात्र कर सङ्कलन गर्न सके मात्र पनि रू नौ अर्वभन्दा बढी रकम सङ्कलन हुने देखिन्छ ।'

राजस्व परामर्श समितिले नै 'आर्थिक वर्ष २०७९/८० को राजस्व नीति र कर सुधारसम्बन्धी प्रतिवेदन २०७९' मा डिजिटल सेवा दिइरहेका सामाजिक सञ्जाललगायत कम्पनीलाई करको दायरामा ल्याउन र अग्रिम कर कट्टी गरेर मात्रै कारोबार गर्ने व्यवस्था लागु गर्न सरकारलाई सुझाव दिएको थियो । 'नेपालमा अनलाइन विज्ञापन गर्ने विदेशी प्लाटफर्मलाई आयकर विवरण बुझाउने व्यवस्था लागु गरी करको दायरमा ल्याउने वा अन्यथा भुक्तानीका बखत नै निश्तित प्रतिशतका दरले अग्रिम कर कट्टीका रुपमा राजस्व दाखिला गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।' उक्त प्रतिवेदनमा भनिएको छ ।

# बारा २ मा निर्वाचनको सम्पूर्ण तयारी पूरा

**बारा ।** यही वैशाख १० गते बारा क्षेत्र नं २ मा हुन गइरहेको उपनिर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ ।




निर्वाचन हुने बारा क्षेत्र नं २ को सम्पूर्ण मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत कर्मचारी तथा सुरक्षाकर्मी पुगिसकेको मुख्य निर्वाचन अधिकृत मुकेश उपाध्यायले जानकारी दिए ।

मतदान केन्द्रमा खटिसकेका कर्मचारीले मतदानलाई सहज हुने गरी आवश्यक संरचना तयार पार्ने काम सुरु गरिसकेको मुख्य निर्वाचन अधिकृत उपाध्यायले बताए । उनका अनुसार गर्भवती, अशक्त, जेष्ठ नागरिकलाई लाइनमा बस्नु नपर्ने र उनीहरुलाई पहिलो प्राथमिकतामा राखेर मतदान गर्ने ब्यवस्था मिलाइएको छ ।

उनका अनुसार शनिबार बिहानदेखि मतपत्र पठाउन सुरु गरिने र शनिवार बेलुकासम्म सबै मतदान केन्द्रमा पुऱ्याइसकिने छ । निर्वाचन आचारसंहिता पालना गराउन सुरु देखि नै कडाइ गरिए पनि छिटफुटरुपमा आचारसंहिता उल्लङ्घनका उजुरी आएको र त्यसमा आवश्यक छानविन भइरहेको मुख्य निर्वाचन अधिकृत उपाध्यायको भनाइ छ । यस्तै बाराको कलैयास्थित शैक्षिक तालिम केन्द्रमा मतगणनास्थल तय गरिएको र मतगणनास्थलमा आवश्यक तयारी भइरहेको जनाइएको छ ।

प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाका अनुसार बारा क्षेत्र नं २ मा एक हजार छ सय ८८ नेपाल प्रहरी, छ सय पाँच सशस्त्र प्रहरी र तीन सय नेपाली सेनालाई निर्वाचनमा परिचालन गरिएको छ । कसैले मतपेटिका चलाउन र धाँधली गर्न खोजेको अवस्थामा त्यस्ता व्यक्तिलाई सिधै गोली हान्न सक्ने गरी सुरक्षाकर्मीलाई निर्देशन दिइएको प्रजिअ सापकोटाले बताए ।

निर्वाचनका समयमा जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराएको पासबाहेक अन्य सवारी साधन सञ्चालनमा रोक लगाइएको छ । जिल्ला प्रशासान कार्यालयबाट पास लिएको भए पनि त्यसको दुरुपयोग भएको पाइएमा कानुन बमोजिम त्यस्तालाई कारवाहीसमेत गरिने प्रजिअ सापकोटाको भनाइ छ ।

सो निर्वाचन क्षेत्रका ८२ मतदान स्थलमा एक सय ३८ मतदान केन्द्र तोकिएको छ । त्यसमध्ये ६५ मतदानस्थल अतिसंवेदनशिल र १७ सामान्य रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । निर्वाचनलाई दृष्टिगत गरी आजदेखि तीन दिन भारतीय सीमा नाकामा आवतजावत बन्द गरिएको छ ।

वैशाख १० गते राति १२ बजे भारतीय सिमाना बन्द रहने प्रजिअ सापकोटाले बताउनुभयो । महागढी नगरपालिका, पचरौता नगरपालिका, करैयामाई गाउँपालिका, सुवर्ण गाउँपालिका र देवताल गाँउपालिकाका ४४ वडा समेटिएको सो निर्वाचन क्षेत्रमा ५८ हजार नौ सय ३४ पुरुष र ४६ हजार तीन सय १४ महिला गरी कुल एक लाख पाँच हजार दुई सय ४८ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख सरोजकुमार चौधरीले जानकारी दिनुभयो । सो क्षेत्रमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी ३४ उम्मेदवार चुनावी मैदानमा छन् ।

# पिच निर्माणमा स्थानीयको अवरोध



**रामजी यादव**
**वीरगंज, ८ वैशाख ।**
वीरगंज-१९ बिन्दवासनीको तिलावे पुल निर्माणको काम पूरा भए पनि बाटो पिच अधुरो रहँदा सर्वसाधारण समस्यामा परेका छन् । स्थानीयले भने पिच निर्माणमा अवरोध पुऱ्याएका छन् ।

बिन्दवासनी तिलावे पुल निर्माणको जिम्मा लुम्बिनी कन्ट्रक्सनको हो । हुलाकी राजमार्गसम्म जोडिएको बाटो पिचको काम ठप्प छ । बारा, पर्सादेखि छिमेकी राष्ट्र भारतबाट हजारौँको संख्यामा आवतजावत गर्ने सवारी साधन तथा यात्रु समस्या भोगिरहेका छन् ।

बाटो निर्माणक्रममा माटो हाल्दा खेतको पानीको निकासका लागि ह्युमपाइप हाल्ने स्थानीय युवाले माग गरेका छन् भने निर्माण कम्पनीले सम्झौता नभएको र गर्न नसकिने भनेपछि स्थानीयले अवरोध पुऱ्याएका हुन् । वर्षायाममा गाउँ र खेतको पानीको निकासका लागि ह्युमपाइप नहालेसम्म बाटो पिच निर्माणको काममा अवरोध रहने स्थानीयको भनाइ छ ।

# चिकित्सकको लापरवाहीले मृत्यु भएको भन्दै अस्पतालमा तोडफोड

**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
प्रादेशिक अस्पताल जनकपुरधाममा चिकित्सकको लापरवाहीको कारण बिरामीको मृत्यु भएको भनी पिडीत पक्षले तोडफोड गरेका छन् ।

चिकित्सकको लापरबाहीले आफ्नो बिरामीको मृत्यु भएको आरोप लगाउँदै आफन्तजनले अस्पतालमा तोडफोड गरेपछि शुक्रवार अवस्था तनावग्रस्त बनेको थियो । छाती समस्या देखिएपछि शुक्रबार बिहान उपचारका लागि अस्पताल भर्ना भएका जनकपुरधाम उपमहानगरपालिका ७ जानकी नगरका ६० वर्षीय रामबाबु साहको मृत्यु भएपछि, पिडीत पक्षले चिकित्सकको लापरवाहीले मृत्यु भएको भनी तोडफोड गरेका छन् ।

सामान्य अवस्थामा रहेका बिरामीको चिकित्सकले लापरबाही गर्दा मृत्यु भएको आरोप मृतकका छोरा कृष्णा साहले लगाएका छन् । उनले भने 'छाती दुखेपछि बुवालाई अस्पतालमा भर्ना गरेका थियौँ । उपचारका लागि डाक्टरलाई पटक-पटक बोलायौँ, तर आएनन् । उपचार गर्न नसक्ने अवस्था भए अन्यत्र रेफर गरिदिनुपर्थ्यो । हामी अन्तै लैजान्थ्यौँ, तर तिनीहरु न त उपचार गरे न रेफर नै, अन्ततः मृत्यु हुन गयो ।' मृत्यु घटनाले आक्रोशित बनेका आफन्तजन अस्पतालमा तोडफोड गरेपछि प्रहरीले मृतकका छोरा कृष्णा साहसहित आफन्तहरु रवि साह र आशिष साहलाई पक्राउ गरेको थियो । उनीहरुलाई पक्राउ गर्न बितिकै घण्टौसम्म अस्पतालको अवस्था तनावग्रस्त बनेको थियो । हुनत प्रहरीले उनीहरुलाई ३ घण्टापश्चात् रिहा गरेपछि अवस्था सामान्य बनेको छ । पिडीत पक्षले दोषी चिकित्सकलाई कारवाहीको माग गरेका छन् ।

यता, अस्पतालका चिकित्सक डा.शरद यादवले बिरामीको अवस्था पहिलेदेखि नै खराब रहेको र अक्सिजनको मात्रा पनि कम भएको चिकित्सकको लापरवाही होइन बाथरुममा लडेको कारण उनको मृत्यु भएको बताएका छन् ।

उनले भने, 'गम्भीर अवस्थामा पनि उनी उपचारकै क्रममा आफैं बाथरुममा आवतजावत गरिरहेका थिए ।

सोही क्रममा बाथरुममै लडेर अचानक उनको हुन गएको हो । चिकित्सकको लापरबाही भन्ने घटना प्रादेशिक अस्पतालमा दिनहुँ हुँदै आएका छन् । पछिल्लो समयमा स्वास्थ्य ल्याब रिपोर्ट गलत घटनामा निर्देशक डा. प्रमोद यादव कारवाही समेत परेका थिए ।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सो अस्पताल गएपछि लापरवाहीको घटना झन् बढेको आरोप लाग्दै आएको छ । का कारण प्रादेशिक अस्पताल जनकपुरमा यस्ता घटना पटक-पटक दोहोरिने गरेको स्थानीयको आरोप छ ।

# आगलागीमा चार घर जले



**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**
बहुदरमाई नगरपालिका वडा नम्बर ३ नगरदाहामा शुक्रबार आगलागी हुँदा ४ वटा फुसको घर जलेर नष्ट भएको छ । आगलागीमा ६ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।

बहुदरमाई-३ नगरदाहाका लालबाबु यादव, आसमन यादव, बृजकिशोर साहको फुसको गोठघरमा र लक्ष्मण ठाकुरको खपडाको घरमा आगो लागेको हो ।

कसैले चुरोट खाएर फाल्ने क्रममा सल्केर घर जलेको अनुमान गरिएको छ । आगो नियन्त्रण गर्न विभिन्न पालिकाका बारुण यन्त्र प्रयोग गरिएको थियो भने सशस्त्र बेस क्याम्प अलौ कोनिया, बागेश्वरी, त्रित्रौना, अस्थायी प्रहरी पोष्ट बिन्दवासनी, बहुअर्वा भाठाका सुरक्षाकर्मी खटिएका थिए । आगलागीमा कुनै मानवीय क्षति भने भएको छैन ।

# ईदको शुभकामना

**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**
मुस्लिम धर्मावलम्बीहरुको पर्व ईद–उल– फितर रमजानको अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले शुभकामना व्यक्त गरेका छन् ।

शुक्रवार एक शुभकामना सन्देश जारी गरी मुख्यमन्त्री यादवले रमजानमा एक महिनाको कठिन व्रतपछि मनाइने महान् पर्व ईद-उल-फितरको उपलक्ष्यमा मधेश प्रदेशसहित देशका सम्पूर्ण मुस्लिम दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दै ईद मुबारक भनेका छन् ।

प्रेम र भाईचाराको प्रतीक यो अनुकरणीय पर्व ईद मनाइराख्दा तपाईंहरुको हरेक चाहना पूरा होस्, तपाईंहरुका हरेक दुआ कबूल होस् ।

तपाईंहरुको परिवारमा सुख, शांति, खुशियाली छाओस् । भातृत्व र सद्भाव बढाउने यो त्योहारले तपाईहरुका लागि




समृद्धिको थप बाटो खोलोस् । हाम्रो आपसी एकता अझ सुदृढ होस् र तपाईंहरुलाई सृजनात्मक सोचका साथ अघि बढ्न उत्प्रेरणा देओस् भनी कामना समेत उनले गरेका छन् ।

# युद्धविरामका लागि बढ्दो बाह्य दबाब



**खार्तुम ।** सुडानको राजधानी खार्तुममा गत शनिबारदेखि जारी विद्रोही अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) र सरकारी सेनाबीचको झडपमा करिब तीन सय जनाले ज्यान गुमाएपछि युद्धविरामका लागि अन्तरराष्ट्रिय समुदायले कूटनीतिक दबाब बढाएको हो ।
संयुक्त राष्ट्रसङ्घ, अमेरिकालगायत अन्य देशले मुस्लिम समुदायको चाड इद उल फित्रका अवसरमा तीन दिने युद्धविरामका लागि दबाब दिइरहेका छन् । आरएसएफले मानवीय आधारमा ७२ घण्टाको युद्धविराममा सहमति जनाएको छ तर सेनाका तर्फबाट कुनै प्रतिक्रिया आएको छैन ।
राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबाट भएको युद्धविरामको आह्वानले अस्थायी युद्धविरामको आशा गरिएको छ । बेलायत, युरोपेली सङ्घ, रुस र चीनले पनि तत्काल युद्ध अन्त्यको आह्वान गरेका छन् ।
शुक्रवार बिहानैदेखि युद्धविराम लागू गर्ने आरएसएफले बताएको छ तर राजधानी खार्तुममा गोली र विष्फोटका आवाज बन्द भएका छैन । यसअघि दुई पटक गरिएको युद्धविरामको प्रयास सफल हुन सकेन । सुडानका सेना प्रमुख अब्देल फताह अल बुरहान र उनका सहायक मोहमद हमदान डगालो नेतृत्वको अर्धसैनिक बललाई सरकारी सेनामा समाहित गर्ने गत वर्ष बुहारन र डगालोबीचको सहमति कार्यान्वयन नहुँदा युद्ध चर्केको हो । सेनाप्रमुख बुहारनले आरएसएफसँगको वार्ताको सम्भावनालाई अस्वीकार गरेका छन् ।
राष्ट्रसङ्घका अनुसार युद्धको विभिषिकाबाट बच्न करिब २० हजार सुडानी छिमेकी चाडतर्फ पलायन भएका छन् । यसरी आफ्नो थातथलो छाडेर भाग्नेमा महिला र बालबालिका छन् । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले द्वन्द्वरत दुवै पक्षलाई कम्तीमा आगामी आइतबारसम्म युद्धविराम गर्न आह्वान गर्नुभएको छ । साथै उनले सुडानमा कार्यरत कूटनीतिक कर्मचारी र सहायताकर्मी सुरक्षा सुनिश्चित गर्न आग्रह गर्नुभएको छ। अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो ।
सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ । आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ ।
यसैबीच, करिब एक साताअघि देशमा द्वन्द्व शुरु भएपछिको पहिलो भाषणमा सेनाप्रमुख बुरहानले नागरिक नेतृत्वको सरकारका लागि आफू प्रतिबद्ध रहेको बताएका छन् ।
आफ्नो सेना विजयी हुने र त्यसले सुरक्षित रुपमा नागरिक शासन बहाली गराउने उनले वाचा पनि गरेका छन् । सुडानी सेनाले आजै एक विज्ञप्ति निकालेर सेनाप्रमुख वुरहानलाई टर्कीए, दक्षिण सुडान तथा इथियोपियाली नेताका साथै अमेरिकी र कतारी विदेशमन्त्रीले फोन गर्नुभएको जनाएको छ ।

# बाइडेनले अर्को हप्ता चुनावी अभियान घोषणा गर्ने



**वाशिङ्टन ।** अमेरिकी राष्ट्रपति जो बाइडेन र उहाँको टोलीले अर्को साता पुनः चुनावी अभियान घोषणा गर्ने तयारी गरिरहेका छन्।
राष्ट्रपतिका सहयोगीहरूले राष्ट्रपतिलाई आधिकारिक रूपमा आफ्नो अभियान शुरु गर्नको लागि एउटा भिडियो जारी गर्ने योजनालाई अन्तिम रूप दिइरहेको वाशिङ्गटन पोस्टले उल्लेख गरेको छ।
द वाशिङ्गटन पोस्टका अनुसार राष्ट्रपति बाइडेन र उहाँका सहयोगीहरूले मङ्गलबार बाइडेनको सन् २०२० अभियान शुरुवातको चार बर्षे वार्षिकोत्सवको अवसरमा भिडियो जारी गर्ने निर्णय गरेका छन्। राष्ट्रपति बाइडेनले महिनौंदेखि आफू दोस्रो कार्यकालको लागि उम्मेदवार हुने योजनाको सङ्केत गर्नु भएको छ तर आधिकारिक घोषणा भने गर्नु भएको छैन। राष्ट्रपतिका शीर्ष सहयोगीहरूले चुपचाप चुनावी दौडको लागि व्यापक तयारी गरेका छन् । त्यसका निम्ति उनीहरूले राष्ट्रपति र प्रथम महिलासँग गत वर्षदेखि व्हाइट हाउस निवासमा नियमित भेटघाटहरू गर्दैछन्।
बाइडेनका दुई शीर्ष सल्लाहकारहरू, अनिता डन र जेन ओ'माली डिलनले पुनः निर्वाचन प्रयासहरूको निरीक्षण गर्दै आएका छन् ।
शीर्ष भूमिकाका लागि कर्मचारीहरूको अन्तर्वार्ता सहित उनीहरू आन्तरिक तयारीमा होमिएका छन् ।
उता डेमोक्र्याटिक राष्ट्रिय समितिले चुनावी परिदृश्य अध्ययन गर्न अनुसन्धान परियोजनाहरूलाई आर्थिक सहयोग गरिरहेको छ ।

# दक्षिण कोरियाको उत्पादक मूल्य उकालो लाग्दै



**सियोल ।** दक्षिण कोरियाली आपूर्तिकर्ताहरूबीचको वस्तु तथा सेवाको मूल्य उच्च सेवा मूल्यका कारण लगातार तेस्रो महिना पनि बढेको छ । केन्द्रीय बैंकको तथ्याङ्कले शुक्रबार यस्तो प्रतिवेदन सार्वजनिक गरेको हो ।
उत्पादक मूल्य सूचकाङ्क (पीपीआई) एक महिना अघिको मार्चमा ०.१ प्रतिशतले बढेको थियो भने फेब्रुअरीमा ०.२ प्रतिशत र जनवरीमा ०.४ प्रतिशतले बढेको बैंक अफ कोरिया (बीओके) ले जनाएको छ । कोभिड-१९ महामारी विरूद्ध बिभिन्न किसमका नियन्त्रणात्मक उपायहरू अपनाइएका कारणले गर्दा भोजनालय र आवास सेवाका क्षेत्रका उच्च मूल्यमा आपूर्तिकर्ताहरू बीचको सेवा मूल्य गत महिना ०.१ प्रतिशतले बढेको बैङ्कले जनाएको छ । यसैगरी महङ्गा खालका रासायनिक उत्पादनहरूमा औद्योगिक उत्पादनहरूको मूल्य ०.२ प्रतिशतले बढेको पनि बताइएको छ ।
यद्यपि कृषि, पशुपालन र माछापालन उत्पादनहरूको मूल्य ०.९ प्रतिशतले घटेको छ । बिजुली, प्राकृतिक ग्यास र धाराको पानीको उत्पादक मूल्य एक महिना अघिको तुलनामा मार्चमा ०.४ प्रतिशतले घटेको पनि प्रतिवेदनले उल्लेख गरेको छ ।

# टोरन्टो विमानस्थलबाट करोडौँको सुन चोरी



**टोरन्टा ।** टोरन्टो पियर्सन अन्तरराष्ट्रिय विमानस्थलबाट करोडौँको सुन चोरी भएको छ । सुन र बहुमूल्य वस्तु राखिएको कार्गो कन्टेनरबाट सुन र अन्य सामग्री चोरिएको अधिकारीहरूले बताएका छन् ।
कार्गो कन्टेनरबाट दुई करोड क्यानेडियन डलर बराबरको सुनका साथै अन्य बहुमूल्य सामग्री चोरी भएको पुष्टि गर्दै प्रहरीले अनुसन्धान थालेको बताएको छ ।
गत सोमबार साँझ विमानबाट मालसामान उतारेपछि कार्गो गरिएको बहुमूल्य वस्तु हराएका क्षेत्रीय प्रहरी निरीक्षक स्टेफिन डुवेस्टेनले बताएका छन् । उनले अनुसन्धान थालिएको बताउँदै दोषीलाई चाँडै कानुनको दायरमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन् ।
यद्यपि अहिलेसम्म कसैलाई पक्राउ गरिएको छैन ।
कार्गो गरेर सुन ढुवानी गर्ने विमानको उद्गमस्थल तथा उक्त कार्गोको अन्तिम गन्तव्यबारे केही खुलाइएको छैन । क्यानडमा चोरीका यस्ता घटना विरलै हुनेगरेका छन् ।

# मोरक्कोको नौसेनाद्वारा ११ दिनमा ५२५ आप्रवासीको उद्धार



**रबात ।** मोरक्कोको नौसेनाले अप्रिल ८ देखि १८ सम्म स्पेनतर्फ गइरहेका ५५२ आप्रवासीलाई उद्धार गरेको छ। यहाँको समाचार एजेन्सी मापले बिहीबार सो तथ्याङ्क सार्वजनिक गरेको छ । महिला र नाबालिगहरू सहित आप्रवासीहरू प्रायः उप-सहारा अफ्रिकाका रहेको एजेन्सीले सैन्य विज्ञप्तिलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।
भूमध्यसागर र एट्लान्टिकमा कार्यरत मोरक्कन शाही नौसेनाका कोस्टगार्ड एकाइहरूले विभिन्न कारबाहीका क्रममा आप्रवासीहरूलाई उद्धार गरेका छन् । जब तिनीहरू फ्ल्याटेबल डुङ्गा, कयाक, जेट-स्की र पौडी खेलिरहेको अवस्थामा थिए । केही आप्रवासीहरूको स्वास्थ्य अवस्था खराब रहेको र विभिन्न मोरक्कन बन्दरगाहहरूमा फिर्ता ल्याइनु अघि नौसेनाबाट प्राथमिक उपचार प्रदान गरिएको थियो । मोरक्को युरोप पुग्न खोज्ने उप-सहारा अफ्रिकी आप्रवासीहरूको लागि महत्त्वपूर्ण क्रसिङ पोइन्ट भएको छ।

# कीर्तिमानमाथि कीर्तिमान रच्दै नेपालद्वारा ओमान पराजित

**जनकपुरधाम ।** कीर्तिमान माथि कीर्तिमान रच्दै नेपालले ओमानलाई ८४ रनले पराजित गर्‍यो । नेपालले एक दिवसीय अन्तर्राष्ट्रिय क्रिकेटको इतिहासमै पहिलो पटक ३०० भन्दा बढी रन जोड्यो ।
ओमानका अन्तिम खेलाडी अकिव इल्यास घाइते भएर खेल्न नसकेका कारण 'रिटायर्ड आउट' लिएपछि उसले ९ विकेट गुमाएलगत्तै नेपाल विजेता घोषित भएको थियो । खेल रोकिँदा ओमानले २१ बल खेल्न बाँकी नै थियो। त्यसअघि हावाहुरी चल्न थालेपछि खेल बेला बेलामा खेल बिथोलिएको थियो । खेल 'डक वर्थ लुइस' प्रणालीमा जान्छ की भन्ने अनुमान पनि गरिएको थियो। तर त्यो स्थिति आउनु अगाडि नै खेल नेपालले जित्न सफल भयो । युवा अलराउण्डर कुशल मल्लले विस्फोटक ब्याटिङ गर्दै सबैभन्दा छिटो १०० रन बनाउने नेपाली खेलाडीको कीर्तिमान राखे भने सन्दीप लामिछानेले सर्वाधिक चाँडो १०० विकेट लिने विश्वकै पहिलो बलरको कीर्तिमान आफ्नो नाममा लेखाए। यी कीर्तिमान माझ विशेष के रह्यो भने दाबेदार ओमानलाई नेपालले लिगको महत्त्वपूर्ण खेलमा पराजित गर्‍यो । यसले नेपाललाई १० राष्ट्र सम्मिलित प्रतियोगिता अन्तर्गत समूह 'ए' मा तालिकाको शीर्ष स्थानमा पुर्‍याउन सक्छ। जसले नेपालको फाइनलसम्मको यात्रा पनि सहज बनाउन सक्छ।जारी एसीसी प्रिमियर कपको विजेता सेप्टेम्बरमा हुने एशिया कपमा छनोट हुनेछ। उक्त प्रतियोगितामा भारत र पाकिस्तान जस्ता टेस्ट शक्ति राष्ट्रसँग प्रतिस्पर्धा हुने तालिका छानेपालको यो ५० औँ ओडीआई क्रिकेट प्रतिस्पर्धा पनि हो।टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर ३१० रन बनाएको थियो ।जवाफमा आएको ओमान ४६ ओभर ३ बलमा २२६ रनमा सीमित भयो। ओमानका लागि मोहम्मद नदिमले सबैभन्दा धैरै ६५ रन जोडे ।

**ब्याटिङ संघर्ष**

कुशल मल्ल कीर्तिपुर क्रिकेट मैदानमा प्रवेश गर्नु अगाडि र त्यस पछाडिको दृश्य निकै फरक बन्यो। त्यसअघि नेपालले ब्याटिङमा नराम्ररी सङ्घर्ष गरिरहेको थियो। प्रारम्भिक जोडिद्धय कुशल भुर्तेल र आसिफ शेख दुवै रनको खाता खोल्न नपाउँदै आउट भइसकेका थिए।त्यसपछि भीम सार्की र कप्तान रोहित पौडेलले निकै सङ्घर्ष गर्दै नेपालको इनिङ्स उकास्ने काम गरे। यी दुईले तेस्रो विकेटका लागि ५४ रनको साझेदारी पनि गरे। तर १८औँ ओभरको पहिलो बलमा पौडेल २३ रन बनाएर आउट भए भने त्यसको तीन ओभरपछि सार्की पनि (३३ रन) पवेलियन फर्किए। २१ ओभरको खेल चलिरहँदा चार विकेटको क्षतिमा नेपालले जम्मा ७२ रन मात्र जोड्न सकेको थियो। यस्तो अवस्थामा नेपालले ३०० भन्दा बढी रन बनाउला भनेर कसले सोचेको थियो र? तर कुशल मल्लको आक्रामक ब्याटिङ्ले कीर्तिपुरको वातावरण नै परिवर्तन भयो ।

**कुशलको जादु**

मल्ल एक्लैले १० छक्का प्रहार गरे। अनि उनको चौकाको संख्या ९ थियो । मैदान प्रवेश गरेपछि सामना गरेको तेस्रो बलमा उनले पहिलो चौका प्रहार गरेर आफ्नो आक्रामक मुड प्रस्तुत गरेका थिए। त्यसपछि उनले लगातार ४ ओभरमा बाउन्ड्री प्रहार गरे । अर्कोतर्फबाट आरिफ शेखले उनलाई सघाई रहेका थिए। आरिफ र उनको साझेदारी पाँचौँ विकेटका लागि ७५ रनको रह्यो। त्यसपछि आएका दीपेन्द्र सिंह ऐरी (७ रन) धैरै बेर टिक्न सकेनन् । तर सोमपाल कामी र मल्लले मिलेर फेरी रनको वर्षा गरी नै रहे। मल्लले ३८.५ ओभरमा अकिवलाई छक्का प्रहार गर्दै आफ्नै शैलीमा शतक पुरा गरे। त्यसको लागि उनले ५९ बल मात्र खेले । यो नै कुशल मल्लको छिटो शतकको कीर्तिमान हो। शतक प्रहार गरेपछि उनले ब्याटको मध्य भाग समाएर त्यसको खुसीयाली मनाएका थिए भने क्रिजमा रहेका सोमपाल कामीले मैदानमा उनलाई बधाई दिए। उनी ४२ औँ ओभरमा १०८ रन बनाएर आउट भए ।

**सोमपालको अर्धशतक**

त्यसपछि चम्किने पालो सोमपाल कामीको थियो। कामीले ४८ बलमा अविजित ६३ रन जोडे। यो उनको करिअरको दोस्रो ओडीआई अर्धशतक हो। ओमानको खेलमा टिममा फर्किएका करण केसीले पनि १५ बलमा २९ रन जोडे। सोमपाल र करण केसीले नवौँ विकेटका लागि अविजित ६१ रनको साझेदारी गरेपछि नेपालको स्कोर ३१० पुगेको थियो ।

# सन्दीप लामिछानेको नाममा १०० विकेटको विश्व कीर्तिमान

**जनकपुरधाम ।** नेपाली स्पीनर सन्दीप लामिछाने कम खेलमा नै १०० विकेट लिने विश्वका पहिलो बलर बनेका छन् । एसीसी प्रिमिअर कपको ओमान विरुद्धको जारी खेलमा अदिल शफिक को विकेट लिएसँगै उनले यो उपलब्धि हात पारेका हुन् ।
उनले ४२ खेल खेलेर १०० विकेटको कोशेढुङ्गा पूरा गरेका हुन् । लामिछाने एकदिवसीय अन्तर्राष्ट्रिय खेलमा १०० विकेट लिने नेपालको पहिलो बलर पनि बनेका छन् ।
१३औँ ओभरमा क्रिजमा ल्याइएका लामिछानेले आफ्नो ओभरको तेस्रो बलमा नै १३ रन बनाएर खेलिरहेका शफिकलाई एलबीडब्लुको धरापमा पारेका थिए । उनले विकेट लिने वित्तिकै मैदानमा रहेका नेपाली टोलीका सहयात्रीहरूले काँधमा उठाएर उनको कीर्तिमानको खुसीयाली मनाए । समर्थकहरूले पनि 'बधाई सन्दीप' लेखेको ब्यानर प्रदर्शन गरेका थिए । सोही ओभरमा लामिछानेले अर्को विकेट पनि लिए। ओभरको अन्तिम बलमा उनले जीसन मक्सुदलाई बोल्ड गरेका थिए ।
१५ औँ ओभरमा फेरि उनले पहिलो बलमै अर्को विकेट लिए । २५ रन बनाएर क्रिजमा जमिरहेका कश्यप प्रजापतिलाई लामिछानेले फेरी एलबीडब्लुको सिकार बनाएर तेस्रो विकेट हात पारे । यो सँगै जारी खेलमा लामिछानेले ३ विकेट लिइसकेका छन् ।
यसअघि गत महिना कीर्तिपुर क्रिकेट मैदानमा भएको आइसीसी विश्वकप लिग-२ को अन्तिम खेलमा लामिछानेले मोहम्मद वासिम (६३ रन)लाई एलबीडब्लुको धरापमा पारेपछि विकेट सङ्ख्या ९९ पुर्‍याएका थिए । तर त्यसदिन उनले अर्को विकेट भने लिन सकेनन् ।
कसको कीर्तिमान तोडे?
२०१८ को अगस्ट १ मा नेदरल्यान्ड्स विरुद्ध खेल्दै नेपालले एक दिवसीय अन्तर्राष्ट्रिय खेलमा पदार्पण गरेको थियो । सो खेलमा लामिछानेले पहिलो विकेट लिएका थिए ।
त्यसयताको पाँच वर्षको अवधिमा लामिछाने नेपाली टोलीको प्रमुख 'विकेट टेकर' बन्दै आएका छन् । सो क्रममा उनले तीन पटक पाँच विकेट लिएका छन् । टी-२० अन्तर्राष्ट्रियमा पनि लामिछानेले ४४ खेलबाट ८५ विकेट लिइसकेका छन्। त्यस्तै लिस्ट ए मा उनको नाममा १४५ विकेट छ भने टी- २० मा उनले १९३ विकेट लिएका छन् ।

**पाँच वर्षको उपलब्धि**

यसअघि सो कीर्तिमान अफगानिस्तानका राशिद खानको नाममा थियो । खानले सन् २०१५ मा ४४ खेल खेलेर सो कीर्तिमान रचेका थिए । त्यसैगरी अस्ट्रेलियाका बलर मिचेल स्टार्कले ५२ खेल खेलेर १०० विकेट लिएका थिए । उक्त कीर्तिमान उनले सन् २०१० मा बनाएका थिए । एक दिवसीय अन्तर्राष्ट्रिय खेल्ने क्रममा पाँच वर्षमा लामिछानेले तीन पटक ५ विकेट लिएका छन् । सन् २०१८ को अगस्ट १ मा नेदरल्यान्डस् विरुद्ध एक दिवसीय खेल्दै लामिछानेले पहिलो विकेट लिएका थिए। त्यो नेपालले एक दिवसीय अन्तर्राष्ट्रिय मान्यता पाएपछि खेलेको पहिलो शृङ्खला थियो । लामिछानेविरुद्ध नाबालिग बलात्कारको एक अभियोगमा अदालतमा दायर मुद्दा विचाराधीन छ ।

**अन्य कीर्तिमान**

उनी राष्ट्रिय टोलीको कप्तानी गर्ने विश्वको सातौँ कान्छा कप्तान हुन्। सन् २०२२ मा विश्वकप लिग-२ अन्तर्गत सारजाहमा पपुवा न्यूगिनी विरुद्ध कप्तानी जिम्मेवारी सम्हाल्दा लामिछाने २१ वर्ष २२६ दिनका भएका थिए । यसै गरी एउटै शृङ्खलामा सबैभन्दा बढी 'डक आउट' हुने खराब कीर्तिमान पनि उनको नाममा छ ।
विश्वकप लिग-२ को २०१८-२३ शृंखलामा लामिछाने सबैभन्दा बढी पाँच पटक डक आउट (पहिलो बलमा आउट) भएका छन् । लिग -२ शृङ्खलामा नै लामिछानेले ६ विकेट लिएका थिए जुन उत्कृष्ट विकेट लिइएको विश्वकै दोस्रो सफल स्पेल बनेको थियो । सन् २०२१ को विश्वकप लिग-२ मा पपुवा न्यूगिनी विरुद्ध ५.१ ओभरमा ११ रन खर्चेर उनले ६ विकेट लिएका थिए । सो कीर्तिमानको पहिलो नम्बरमा भने भारतका विन्नी रहेका छन्। उनले सन् २०१४ मा भएको खेलमा बाङ्गलादेश विरुद्ध ४.४ ओभरमा दुई मेडन ओभर कायम राख्दै चार रन दिएर ६ विकेटको दुर्लभ कीर्तिमान रचेका थिए । त्यस्तै टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा धैरै एलबीडब्लु विकेट लिनेमा लामिछाने विश्वको सातौँ नम्बरमा छन् । उनले १२ वटा एलबीडब्लु विकेट लिएका छन् ।

**लिग–२ मा दोस्रो**

विश्वकप लिग-२ मा भने लामिछानेले दोस्रो धैरै विकेट लिने खेलाडी बन्दै शृङ्खला टुङ्ग्याए। उक्त शृङ्खलामा लामिछानेले कुल ७२ विकेट लिएका छन् । लिग-२ मा दोस्रो स्थान हात पारेको ओमानका विलाल खान ७६ विकेट लिँदै पहिलो नम्बरमा रहे। करण केसीले लिग-२मा नेपालबाट सर्वाधिक विकेट लिने खेलाडीको सूचिमा दोस्रो स्थान अनि समग्रमा छैटौँ स्थानमा रहे । उनले ५० विकेट लिएका थिए ।

# ‘अब स्ववियु निर्वाचन हुन नसक्ने’



**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुन् बाँकी रहेको वीरगंजको ठाकुरराम क्याम्पससहित एक दर्जन आङ्गिक क्याम्पसमा निर्वाचन नगराउने भएको छ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक प्राध्यापक पशुपति अधिकारीले अब बाँकी कलेजमा निर्वाचन गराउन नसकिने जानकारी दिए । नेपाल कमर्श क्याम्पस, त्रिचन्द्र क्याम्पस, रत्न राज्यलक्ष्मी आरआर क्याम्पस र विश्वभाषा क्याम्पसमा स्ववियु निर्वाचन हुने सकेको छैन । त्यस्तै, उपत्यकाबाहिरका ८ वटा आङ्गिक क्याम्पसमा समेत निर्वाचन हुन सकेको छैन ।

उपत्यका बाहिर पृथ्वीनारायण क्याम्पस पोखरा, ठाकुरराम बहुमुखी क्याम्पस वीरगंजलगायतका क्याम्पसमा निर्वाचन हुन नसकेको हो । सधैँ निर्वाचनकै पछि लाग्न नसकिने बताउँदै उनले परीक्षा चलिरहेका र पढाइ पनि गर्नुपर्ने भएकाले निर्वाचनको पछि लागेर बस्न नसकिने बताए ।

उनले अब बाँकी रहेका कलेजमा निर्वाचन गराउन नसकिने बताए । चैत ५ गते तोकिएको निर्वाचनमा विद्यार्थी सङ्गठनहरूकै अवरोधले कतिपय क्याम्पसमा स्ववियु निर्वाचन हुनसकेको थिएन । तीमध्ये केही क्याम्पसमा विभिन्न मितिमा निर्वाचन भएको थियो । चार विद्यार्थी सङ्गठनले चैत ३० गते बाँकी रहेका क्याम्पसमा निर्वाचन गराउने सहमति गरेका थिए । तर, विद्यार्थी सङ्गठनहरूकै अडानका कारण निर्वाचन हुन सकेन ।

त्रिविको नियमअनुसार तोकिएको मितिमा निर्वाचन नभएका क्याम्पसमा एक महिनाभित्रमा निर्वाचन गराउनुपर्ने हुन्छ ।

तर, वैशाख ८ गतेसम्म पनि बाँकी क्याम्पसमा निर्वाचन हुन सकेन ।

त्रिविले अब स्ववियु निर्वाचनको च्याप्टर क्लोज भइसकेको जनाएको छ । तर, विद्यार्थी सङ्गठनहरू भने वैशाख १० गतेको उपनिर्वाचनपछि स्ववियु निर्वाचन गराउनुपर्ने मनसायमा छन् ।

# नागरिकता कीर्तेमा वडाध्यक्षसहित तीन पक्राउ

**मधेशदृष्टि**
**वीरगंज, ८ वैशाख ।**

बारामा नक्कली विवरण बनाएर नागरिकताका लागि सिफारिस गर्ने वडाध्यक्षसहित ३ जना पक्राउ परेका छन् ।

मावली हजुरबुबाबाट वंशजका आधारमा नागरिकता दिलाउन सिफारिस गरेको आरोपमा कलैया उपमहानगरपालिका-१० का वडाध्यक्ष महम्मद साबिरसहित ३ जनालाई पक्राउ गरिएको हो । वडाध्यक्ष साबिरसहित नागरिकता लिइसकेका नक्कली बाबुछोरासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको प्रहरी नायव उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिए ।

उनका अनुसार, कलैया उपमहानगरपालिका १० मटिअर्वा गाउँका नक्कली बाबु ७५ वर्षीय जोधन साह तुराहा र नक्कली छोरा बनेका २१ वर्षीय रमेश साह तुराहा पक्राउ परेका हुन् । रमेशले मावलीका हजुरबुबा जोधनलाई बाबु बनाएर ६ महिनाअघि वंशजका आधारमा नागरिकता लिएको खुलेपछि उनीहरू पक्राउ परेका हुन् ।

गोप्य उजुरीका आधारमा उनीहरूलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखेर अनुसन्धान अघि बढाइएको प्रहरी नायव उपरीक्षक पाण्डेले बताए ।

# मन्त्री त भएँ, अधिकार पाइनँ

## महेश यादव, मन्त्री, शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्रालय, मधेश

*मधेश प्रदेश यस्तो भूगोल भएको छ कि, आठ जिल्लामध्ये एउटा पनि साक्षर घोषित जिल्ला छैन । तर यहीँका शिक्षकहरु देशभर पुगेका छन्, पढाएका छन् र नागरिकका छोराछोरीलाई चैँ अब्बल बनाएका छन् । जनगणनाअनुसार सुगम क्षेत्र मानिएका मधेश प्रदेशमा सबैभन्दा बढी निरक्षर दर छ । तथ्यांक अनुसार साक्षरता दर १५ प्रतिशतले उक्लिए पनि प्रदेशका सबै जिल्ला साक्षर हुन अझै अभ्यासरछ छन् । ६३.५ प्रतिशत जनसंख्या मात्र साक्षर छ भने ३६.५ प्रतिशत निरक्षर छन् । देश संघीय संरचनामा गएपछि मधेशको शैक्षिक गुणस्तरमा सुधार आउने अपेक्षा थियो । तर स्थानीय तह र प्रादेशिक तहले पाँच वर्षे कार्यकाल सम्पन्न गरिसक्दा शैक्षिकस्तरमा खासै उन्नति देखिएको छैन । लगानी नभएको होइन, स्थानीय तहमार्फत संघीय सरकार र प्रदेश सरकारले समेत शिक्षामा लगानी गरे पनि अवस्थामा सुधार आएको देखिदैँन । शैक्षिक अवस्थामा किन सुधार आउन सकेन ? साक्षरता दर बढाउन र शैक्षिक गुणस्तर वृद्धिका लागि प्रदेश सरकारको तयारी कस्तो छ ? मधेश प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा वाणिज्य मन्त्री महेश यादवले शुक्रबार* ***मधेशदृष्टि****का* ***सुभाष कर्ण****सँग खुलेर कुराकानी गरेका छन् ।*



**मधेशदृष्टि संवार्ता**

**शिक्षा मन्त्री हुनुहुन्छ, प्रदेशको शैक्षिक अवस्था कस्तो अनुभूत गरिरहनु भएको छ ?**

लुकाइरहनु परेन, प्रदेशको शैक्षिक अवस्था दयनीय नै छ । जनगणनाको तथ्यांकअनुसार प्रदेशका कुनैपनि जिल्ला पूर्ण साक्षर हुन सकेका छैनन् । सात प्रदेशमध्ये मधेशकै प्रतिशत कम हुनुले प्रदेशको शैक्षिक अवस्था झल्काउँछ । शिक्षामा लगानी भए पनि प्रदेश र स्थानीय तह सरकारमै धेरै कमीकमजोरी भएका कारण पछिल्लो पाँच वर्षमा शैक्षिकस्तरले फड्को मार्न नसकेको पक्का हो ।

**के कस्ता कमजोरी देखिएका छन् ?**

प्रदेश सरकारले गएको पाँच वर्षमा शिक्षाका लागि छुट्टै मन्त्रालय गठन गर्न सकेन, शिक्षाको स्तरीयतामा सुधार ल्याउन सक्ने प्रमुख आवश्यकता भएको शिक्षा ऐन ल्याउन सकेन, लगानी गरे पनि विनायोजनाका भरमा गरियो, स्थानीय तहसँग समन्वय गर्न सकिएन, यहाँसम्मकी प्रदेशगतरुपमा तथ्यांक संकलन गर्न सकिएन । यावत कमीकमजोरी प्रदेश सरकारकै देखिएको छ ।

जहाँसम्म स्थानीय तहको कुरा हो, आधार भूतदेखि माध्यमिक तहसम्मको सम्पूर्ण गतिविधिको जिम्मेवारी स्थानीय तहको छ । तर तिनीहरु इमानदार भइदिएको देखिएन । राजनीतिकरण भइसकेको छ, जनप्रतिनिधि शिक्षक सरुवाबढुवा खेलमा लागेका छन् । विद्यालय व्यवस्थापन समितिमा जनपप्रतिनिधिले आफ्ना मान्छे राख्न खोज्ने गतिविधि बढेको छ । सीमान्तकृत समुदायका बीचमा विद्यालय भए पनि तिनीहरुको विद्यालयमा पहुँच कसरी हुनेबारे ध्यान नदिइ विद्यालयलाई आफूअनुकुल चलाउन खोज्ने अवस्था हाबी देखिएको छ । मन्त्री भएपछि अनुगमन गर्दा महसूस गरेको हुँ । तर जे भए पनि प्रदेश सरकार अब गम्भीर भएर लाग्नेछ र सोहीअनुरुप आगामी आर्थिक वर्षमा योजना पनि ल्याउने तयारी गरिरहेको छु ।

**आगामी आर्थिक वर्ष २०८०/८१ मा के कस्ता शैक्षिक योजना ल्याउन लाग्नु भएको छ ?**

सबभन्दा पहिला त प्रादेशिक शिक्षा ऐन ल्याउने, पूर्वाधारमा जोड नदिई शैक्षिक गुणस्तर बढाउनेतर्फ जोड दिनेछु । प्रदेशको ८ वटै जिल्लामा विद्यालय, शिक्षक, विद्यार्थी र पूर्वाधारसहितको अवस्था तथा साक्षरता सूचकको आवश्यक परिपूर्तिका लागि चाहिने पाटो मोनिटरिङका लागि निश्चित समयसीमासहितको वडास्तरीय भोलेन्टियर खटाउने, गुणस्तर बढाउन विज्ञान प्रविधिसँग जोड्ने कार्य अघि बढाउने, प्रत्येक विद्यालयको कक्षा सञ्चालन मोनिटरिङका लागि विद्यालयमा डिजिटल प्रविधि जडान गर्ने योजना छ । यस्तै, विद्यालय बाहिर रहेका दलित तथा सीमान्तकृत समुदायका लागि विद्यालयसम्म पहुँच बनाउन विभिन्न कार्यक्रम सञ्चालन र विद्यालयमा शिक्षक र विद्यार्थीको तथ्यांक संकलन दरबन्दी मिलानसहितका व्यवस्थापनलगायतका कार्यक्रम ल्याउने योजना छ ।

**नयाँ शैक्षिक सत्रको विद्यालय भर्ना अभियानका लागि प्रदेश सरकारले के गरिरहेको छ ?**

चालु आर्थिक वर्षको विद्यालय भर्ना अभियानका लागि कुनै कार्यक्रम अघि ल्याइएको छैन ।

**किन नल्याइएको हो ?**

शिक्षा मन्त्रालय छुट्टै भए पनि, बजेट र जिम्मेवारी सम्पूर्ण गतिविधि सामाजिक विकास मन्त्रालयमै छ । म मन्त्री नियुक्त भएको अढाई महिना बितिसक्यो, राजपत्रमा समेत कार्यविवरणसहित मन्त्रालय छुटयाइयो । तर अधिकार हस्तान्तरण गरिएको छैन । कार्य गर्ने अधिकार नभए पनि व्यक्तिगत रुपमा आफूले यसवर्ष विद्यालय अनुगमनबाहेक शिक्षातर्फको कुनै कार्यक्रम नै सञ्चालन गर्न पाइएको छैन । दुःखद कुरा के हो भने, मन्त्रालय त छुट्याइयो तर जिम्मेवारी हस्तान्तरण गरिएन ।

मन्त्रिपरिषद्को बैठकमा र मुख्यमन्त्रीज्यूलाई व्यक्तिगतरुपमै शिक्षाको अधिकार हस्तान्तरण गर्न भनिरहेका छु, तर बेवास्ता गर्रिंदै आएको छ । आगामी आर्थिक वर्षका लागि आफूहरुले नीति तथा कार्यक्रम तयार पारेका छौँ, हेरै कति सफल हुन्छौँ ।

**अढाइ महिनामा के कस्ता काम गर्नु सक्नु भयो त ?**

आफू नियुक्त भएको अढाइ महिनामा सचेतना र अनुगमनबाहेक केही गरेका छैनौँ । विडम्बना के हो भने मन्त्रालय त दिइयो, तर त्यसमा केही व्यवस्था थिएन, बल्ल तल्ल ३-४ दिन अगाडि कर्मचारीलाई तलब खुवाउन सकेका छौँ । चालु आर्थिक वर्षमा स्थानीय तह र शिक्षाविद्सँग शिक्षाको अवस्थाबारे सुझाव संकलन गर्ने कार्यक्रम अर्थसँग माग गरेको छौँ ।

**अघिल्लो प्रदेश सरकारको कार्यकालमा शिक्षामा के कस्ता काम गरेको पाउनु भयो ?**

तत्कालीन प्रदेश सरकारको कार्यक्रममा शिक्षामा खासै काम गरेको देखिएन । फेरि यो आलोचना चैँ होइन । काम नगरेको पनि होइन, काम भएको छ । तर विनायोजना हचुवाका भरमा शैक्षिक गुणस्तरमा ध्यान दिने भन्दा पनि पूर्वाधारमा लगानी गरेको देखिन्छ । प्रदेश सरकारले विद्यालयको भौतिक पूर्वाधारमा काम गरेको देखिन्छ, तर त्यो पनि अधिकांश अपूरो नै छ ।

प्रभावकारी चैँ बेटी बचाऊ, बेटी पढाऊ कार्यक्रम देखियो, तर के कति कारणले विवादमन पर्न गयो ? समीक्षा हुन जरुरी छ । विद्यालयमा कम्प्युटर त दिइयो तर पढाउने शिक्षक नै छैनन् । यस्ता कार्यक्रम ल्याइएको पनि देखियो जसको कुनै औचित्य चैँ थिएन-देखिएन ।

# शाहको श्रद्धाञ्जली सभा



**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**

मधेस प्रदेशका पूर्व गृह तथा सञ्चारमन्त्री एवम् नेकपा माओवादी प्रदेश संसदीय दलका नेता भरत शाहका बुबा रामाशिष साहको १२ औँ पुण्यतिथिमा शुक्रबार श्रद्धाञ्जली सभा भएको छ । महोत्तरीको फुल्काहा गाउँमा आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’का राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले स्वर्गीय शाह सुरुदेखि नै वामपन्थी विचारधारासँग आबद्ध रहेको बताए । उनले भने, ‘उहाँ सधैँ लोकतन्त्र स्थापनाका लागि लडिरहनुभएको थियो । उहाँकै प्रेरणाले भरत शाहसहित दुई छोरा र एक छोरी नेकपा माओवादी केन्द्रको राजनीतिमा सक्रिय हुनु भएको थियो ।’ सभाका अध्यक्ष एवम् पूर्व मन्त्री शाहले भने, ‘बुबा राजनीतिक गुरू हुनुहुन्थ्यो, उहाँकै प्रेरणाले पढाइ पनि छाडेर राजनीतिमा लागेँ ।’ उनले बुबाकै प्रेरणाले गाविस अध्यक्ष भएको, जनयुद्धमा सरिक भएको बताए । पूर्वमन्त्री मातृका यादव, पूर्व सांसद महेन्द्र पासवान, पूर्व सांसद तथा नेपाली कांग्रेसका वरिष्ठ नेता सीताराम भण्डारी, पूर्वमन्त्री बोधमाया यादव, अजयकुमार नायक, पूर्व प्रदेशसभा सदस्य दिलीप शाह, मेयर हरिप्रसाद मण्डल, काली यादव, तेली कल्याण राष्ट्रिय समाज नेपाल अध्यक्ष विश्वनाथ साह, महासचिव सत्यनारायण साहलगायत राष्ट्रिय, प्रदेश र जिल्लास्तरका सबै दलका नेता कार्यक्रममा सहभागी थिए ।

# उपाध्यक्षकै नेतृत्वमा पालिकामा तालाबन्दी

**मधेशदृष्टि**
**पर्सा, ८ वैशाख ।**

धोबिनी गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत एक महिनादेखि गाउँपालिका नआई वीरगंज बसेर कार्यालय सञ्चालन गरेको भन्दै गाउँपालिकाका उपाध्यक्षको टोलीले तालाबन्दी गरेको छ ।

गाउँपालिका अध्यक्ष मदन चौहानले एकलौटी ढंगले गाउँपालिकामा १५ जना स्वास्थ्यकर्मी करारमा राखेको र कार्यालय सहयोगी कर्मचारीलाई हटाएर एकमहिनादेखि कार्यालय नआएको उनीहरुको आरोप छ । प्रमुख प्रशासकीय अधिकृत महम्द नवाज हुनेन १५ दिनको बिदामा भए पनि एक महिनादेखि कार्यालय नआएको र अध्यक्ष र लेखापालसँग मिलेर वीरगंजमा कार्यालय सञ्चालन गरिरहेको उनीहरुले बताए । अध्यक्ष चौहान, प्रमुख प्रशासकीय अधिकृत हुसेन र लेखापाल धनन्जय दासले छुट्टै कार्यालय चलाएर भ्रष्टाचार गरेको, पालिका नआएकाले सेवाग्राही समस्यामा परेकाले बाध्य भएर गाउँपालिकामा तालाबन्दी गरिएको वडा नम्बर ४ का अध्यक्ष अबास मियाँले बताए ।



गाउँपालिका उपाध्यक्ष मन्जु देवी पटेलको नेतृत्वमा १० कार्यपालिका सदस्य गाउँपालिकामा तालाबन्दी गर्न पुगेका थिए ।

वडा नम्बर १ का वडाध्यक्ष बन्धु साह, ३ का वडाध्यक्ष किशोर पटेल, ४ का वडाध्यक्ष अबास मियाँ, कार्यपालिका सदस्य दिनेश कलवार, नन्दकिशोर प्रसाद, रिना देबी, शोभावती देबी, प्रेमज्योति कुमारी, सारदा देबी, मदन सहनीलगायतका जनप्रतिनिधि तालाबन्दीमा सहभागी थिए ।

# अस्पतालको इमर्जेन्सी वार्डमा कर्मचारीको पार्किङ



**मधेशदृष्टि**
**जनकपुरधाम, ८ वैशाख ।**

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरधामको इमर्जेन्सी वार्ड राखिनु पर्ने ठाउँमा पार्किङ स्थल बनाइएको पाइएको छ।

अस्पतालका कर्मचारीले आआफ्ना मोटरसाइकल इमर्जेन्सी वार्डमा राख्ने गरेका छन् । अस्पताल परिसरमै पार्किङका लागि पर्याप्त ठाउँ भए पनि राति खटिएका कर्मचारीले आकस्मिक कक्षमै पार्किङ गरेका हुन् ।

अस्पतालले पार्किङ व्यवस्थापन तथा रेखदेखकै लागि २० जना सुरक्षा गार्ड पनि राखिएको भए पनि चोरी हुने डरले कर्मचारीले इमर्जेन्सी वार्डमा आआफ्ना सवारी राख्ने गरेको बताइएको छ । मधेशदृष्टि पुग्दा ज ७ प ९७३ नम्बर प्लेटको मोटरसाइकल आकस्मिक कक्षको ढोका छेउमै पार्किङ गरिएको पाइएको थियो । मोटरसाइकल कसको हो भन्नेबारे कसैले केही बताएनन् ।

प्रत्यक्षदर्शीका अनुसार मोटरसाइकल अस्पतालकै कर्मचारीको हो । तमर मधेशदृष्टिसँग कसैले पनि जिम्मेवारी लिन मानेनन् । त्यस्तै, प्रदेश २-०२-००३ प ६७७९ नम्बरको एफजेड, ज ११ प ६९८४ नम्बर प्लेटलगायत आधा दर्जन कर्मचारीको मोटरसाइकल पार्किङ गरेर राखिने गरेको पाइएको छ । अस्पताल नै कुरुप देखिने गरी पार्किङ हुँदा व्यवस्थापन पक्षमाथि प्रश्न उठ्न थालेको छ । यसविषयमा अस्पतालका निर्देशक डा. प्रमोद यादवसँग सम्पर्कको प्रयास सफल हुन सकेन ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन